का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ भदौ २०८२
आइतबार
31 August 2025
Sunday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक २१० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# लिपुलेकबारे चीनसँग नेपालको प्रस्ट असहमति



चिनियाँ राष्ट्रपति सी जिनफिङसँगको भेटमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले लिपुलेक नेपाली भूमि रहेको प्रस्टसित राखेका मात्र छैनन्, लिपुलेकलाई व्यापारिक मार्ग बनाउने भारत-चीनको सहमतिप्रति असहमतिसमेत राखेका छन् ।



नेपाली भूमि लिपुलेकलाई व्यापारिक मार्ग बनाउने विषयमा चीन र भारतबीच भएको सहमतिप्रति राष्ट्रपति सीसँग प्रधानमन्त्री ओलीले स्पष्ट रूपमा आपत्ति रहेको कुरा राख्नुभयो ।

■ **अमृतबहादुर राई**
**सचिव, परराष्ट्र मन्त्रालय**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १४ भदौ

चीन र भारतबीच त्रिदेशीय सीमानामा पर्ने नेपालको भूमि लिपुलेकलाई व्यापारिक मार्ग बनाउने भारत चीनबिचको सहमतिप्रति नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले असहमति जनाएका छन् । शनिबार चिनियाँ राष्ट्रपति सी जिनफिङसँग भएको द्विपक्षीय भेटवार्तामा प्रधानमन्त्री ओलीले नेपालको बिनाअनुमति गरिएको चीन-भारत सहमतिप्रति असहमति राखेका हुन् ।

शुक्रबार चीन गएको प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी र भारतीय प्रधानमन्त्री मोदीसँग यस विषयमा कुरा राख्ने बताएका थिए । भदौ ४ गते नेपालको अनुपस्थितिमा दुई छिमेकी मुलुक भारत र चीनले नेपालको भू-भाग लिपुलेक क्षेत्रलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने सहमति गरेका थिए । सो विषयलाई लिएर नेपालको सदनदेखि सडकसम्म तातेको छ । प्रधानमन्त्री ओलीको चीन र भारत भ्रमणको पूर्वसन्ध्यामा चालिएको दुवै छिमेकी मुलुकको यो कदमप्रति सबै राजनीतिक पृष्ठ २ मा

## नेपाल-चीन पाँचबुँदे सम्झौतामा लिपुलेक नेपालीकै भूमि

तत्कालीन राजा महेन्द्रले चीनसँग सन् १९६१ अक्टोबर ५ अर्थात् २०१८ साल असोज १९ गते चीनको पेकिङमा नेपाल-चीनबीच भएको पाँचबुँदे सम्झौतामा कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपाली भूभाग भएको चीनले स्वीकार गरेको थियो । नेपाल-चीन सीमा विवाद सुल्झाउन राजा महेन्द्रले चीन भ्रमण गर्दा तत्कालीन परराष्ट्रमन्त्री पृष्ठ २ मा

### परराष्ट्रमन्त्रीको अध्यक्षतामा प्रतिष्ठान

# नेपाल मामिला अध्ययनमा विदेशी पैसा !



परामर्श सेवा, प्रशिक्षण एवं अनुसन्धान वा अन्य कुनै व्यावसायिक कार्य गरेर पैसा कमाएर अनुसन्धानका लागि प्रतिष्ठानले पैसा जुटाउने भनिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ भदौ

सरकारले परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान गठन गर्ने भएको छ । यसका निम्ति परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान ऐन बनाइँदै छ । नेपाल कानुन आयोगले बनाएको प्रस्तावित विधेयकको प्रस्तावनाअनुसार परराष्ट्र मामिलाका विषयवस्तुमा अध्ययन तथा अनुसन्धान गर्ने लक्ष्य राखिएको छ । नेपाल परराष्ट्र सेवामा कार्यरत कर्मचारी तथा पदाधिकारी, परराष्ट्र मामिलासँग सरोकार रहेका सरकारी कर्मचारी तथा पदाधिकारी, सरकारी तथा स्वतन्त्र अध्येयता र अनुसन्धानकर्ताको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न भनी सरकारले परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान स्थापना गर्न लागेको हो ।

प्रस्तावित विधेयकको दफा ४ मा परिषद्को गठनसम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'प्रतिष्ठानको सर्वोच्च निकायका रूपमा नेपालको परराष्ट्र नीतिलाई सक्षम तथा प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिन एक परराष्ट्र प्रतिष्ठान परिषद् पृष्ठ २ मा

# कर्मचारी सरुवाले हैरान कर्णाली

मन्त्री भएको मेरो एक वर्षको समयवधिमा तीन जना सचिवहरू फेरिइसकेका छन् । संस्थागत स्थायित्व र कार्यसम्पादनको दृष्टिले स्थायी सरकारका रूपमा चिनिएका निजामती सेवाको विशिष्ट श्रेणीका सचिवहरूको अस्थायी प्रवृत्तिको सामना गर्नुपरेको छ। यो कार्यसम्पादनका दृष्टिकोणले अत्यन्तै समस्याको विषय बन्ने रहेछ ।



अन्तर्वार्ता पृष्ठ ५ मा
**घनश्याम भण्डारी**
मन्त्री, सामाजिक विकास, कर्णाली प्रदेश

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा पे स्लिप पेस नगरिएका कम्पनीको मागपत्र दूतावासले प्रमाणीकरण नगर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ भदौ

मलेसियामा कामको तुलनामा अन्य क्षेत्रका कामदारको भन्दा सुरक्षागार्डको तलब कम देखिएको छ । मलेसियाले गत फेब्रुअरी पहिलो तारिकदेखि स्वदेशी तथा विदेशी कामदारको तलब १७ सय रिंगेट पुऱ्याएको थियो । सैद्धान्तिक रूपमा नेपाली सुरक्षागार्डको तलब १७ सय भन्दा कम छैन, तर व्यवहारमा सुरक्षागार्डको तलब अन्य क्षेत्रमा काम गर्ने नेपाली कामदारको भन्दा कम हुन पुगेको हो ।

मलेसियामा महिनाको २६ दिन दैनिक ८ घण्टाका दरले काम गर्दा मासिक २ सय ८ घण्टा काम गर्नुपर्छ। त्यसको न्यूनतम तलब १७ सय रिंगेट छ । तर सुरक्षागार्डले भने दैनिक १२ घण्टा र अधिकांशले महिनाको ३० दिन नै काम गर्ने गरेका छन् । न्यूनतम तलब १७ सय रिंगेटका लागि सुरक्षागार्डले मासिक ३ सय ६० घण्टा काम गर्नुपर्ने गुनासो छ । कतिपयले ओभरटाइम पाउने आशामा साप्ताहिक बिदा पनि नलिने गरेको बताइन्छ ।

कामको आधारमा सुरक्षागार्डको तलब २९ सय ४२ रिंगेट हुनुपर्नेमा अधिकांशले १७ सय र केही कम्पनीले २३ सय रिंगेटसम्म तलब दिने गरेको मलेसियास्थित नेपाली दूतावासका जनसम्पर्क अधिकृत भरत गिरी बताउँछन् ।

हाल मलेसियामा सेतिया सेक्युरिटी, वन सर्भिस सेक्युरिटी, जिन सेक्युरिटी, अल सेफ गार्ड सेक्युरिटी, डी सेफ सेक्युरिटी, जेकेएस सेक्युरिटी कम्पनीको तलब विवादको विषय नेपाली दूतावासमा पुगेको छ। नेपाली दूतावासले पृष्ठ २ मा

## मलेसियामा पनि मदिरा कुलतको समस्या

**काठमाडौं/मस-** मलेसियास्थित नेपाली दूतावासका काउन्सिलर श्रम कृष्णप्रसाद भुसालले मलेसियामा कार्यरत केही नेपाली कामदारको अवस्था कुवेतको भन्दा फरक नरहेको बताएका छन् । गोप्य रूपमा घरेलु मदिरा उत्पादन र सेवन गर्ने, पैसा बचाउने नाममा कमसल गुणस्तरको मादक पदार्थको खोजी गर्दा हानिकारक र विषाक्त रक्सी सेवन गर्ने गरेको रिपोर्ट दूतावासमा आइरहेको उनले बताए ।

उनले भने, 'कतिपय नेपाली दाजुभाइ ह्वास ह्वास गन्हाउँदै दूतावासमा आउने गरेको पनि पाइएको छ । सचेत हुनुभएन र समयमै कुलत त्यागनुभएन भने हातमा भएको जागिर र स्वास्थ्य गुमाएर घर फर्किनुपर्नेछ । परिवारले ठुलो आस राखेका छन्, त्यसैले कुवेतको पृष्ठ २ मा

# ट्र्याकमा कुलिङ अफ पिरियड

सरकारी कर्मचारीका लागि अवकाशपछि लागू हुने कुलिङ अफ पिरियडको प्रावधान निष्क्रिय हुनेगरी निजामती विधेयकमा राख्न भएको छलछाम राष्ट्रिय सभामा सच्चिएको छ । यससँगै प्रशासनिक संघीयतासँग जोडिएको यो विधेयक अगाडि बढ्ने वातावरण तयार भएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ भदौ

सरकारी कर्मचारीले राजीनामा दिएपछि वा अवकाशपछि त्यसको दुई वर्षसम्म सरकारी, संवैधानिक, कूटनीतिक वा अन्य नियुक्ति नपाउने भएका छन् । यही आशयसहित प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले संघीय निजामती सेवा विधेयक पास गरेको थियो । तर समितिमा भएको सहमति विपरीतको भाषा प्रयोग गरेर कुलिङ अफ पिरियडको प्रावधान नै लागू नहुने भाषा विधेयकमा राख्ने गरी छलफछाम भएको थियो ।

प्रतिनिधि सभाबाट विधेयक पास भइसकेपछि कुलिङ अफ पिरियडको प्रावधान लागू नहुने भाषासमेत विधेयकमा परेको भनेर प्रश्न उठ्यो । त्यसपछि प्रतिनिधि सभाले यो विषयमा छानबिन गर्न संसदीय विशेष छानबिन समिति नै बनायो । जसले कुलिङ अफ पिरियडको प्रावधान लागू हुन नदिन छलछाम भएको र यो



निजामती विधेयकमा कुलिङ अफ पिरियड राखेर जाने निर्णय भयो ।

**तुलसीकुमारी दाहाल**
**सभापति, विधायन व्यवस्थापन समिति**

गम्भीर त्रुटि रहेको निष्कर्ष निकालेको थियो। यस्तो निष्कर्ष राष्ट्रिय सभाबाट सच्चिने भएको छ ।

राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिले दुई वर्ष कुलिङ अफ पिरियडको प्रावधान लागू गर्नेगरी सैद्धान्तिक रूपमा सहमति जुटाएको छ। योसँगै सरकारी कर्मचारीका लागि अवकाशपछि लागू हुने कुलिङ अफ पिरियडको प्रावधान पृष्ठ २ मा



# ‘महिलाको योगदानलाई उपेक्षा गरिएको छ’

**वीरगञ्ज/मस-** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले महिला उद्यमशीलतालाई सम्मान गर्दै आत्मनिर्भरतातर्फ अघि बढाउन महिलाका लागि अवसरहरू सिर्जना गर्नुपर्नेमा जोड दिएकी छन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघद्वारा शनिबार आयोजित ‘नारीः शक्ति, समर्पण र सम्मान’ विषयक बृहत् महिला सम्मेलनको उद्घाटन गर्दै पूर्वराष्ट्रपति भण्डारीले परिवार निर्माणदेखि उद्योग-व्यवसाय, शिक्षा, स्वास्थ्य र सामाजिक रुपान्तरणसम्म महिलाको योगदान सधैँ अग्रपङ्क्तिमा रहँदै आएको बताइन् । उनले महिलालाई आत्मनिर्भर बनाउन अवसरसँगै सबैको ऐक्यबद्धता आवश्यक पर्ने खाँचो औँल्याइन् ।



उनले महिला शक्ति केवल परिवारको हिस्सा मात्रै नभएर सम्पूर्ण समाजको प्रगतिको आधार भएकाले महिला उद्यमशीलतालाई सम्मान र प्रोत्साहन गर्नुपर्ने धारणा राखिन् । पूर्वराष्ट्रपति भण्डारीले वीरगञ्जजस्तो व्यापारिक केन्द्रमा उद्यमशीलताको विकास गर्न महिला नेतृत्वले अग्रणी भूमिका खेल्नुपर्नेमा जोड दिइन् ।

‘महिलामा उद्यमशीलताको विकास गर्नु व्यक्तिगत सफलता होइन् । सिंगो देशको अर्थतन्त्रलाई सुदृढ गराउनु पनि हो’ उनले भनिन् ।

‘महिला आफू सक्षम बनेर आगामी पुस्तालाई प्रेरणा दिनेगरी अगाडि बढ्नुपर्छ’, उनले भनिन्, ‘हाम्रो समाजमा अझै बाँकी रहेको लैङ्गिक असमानता, पूर्वाग्रह र अवरोधहरूलाई तोड्दै समाज परिवर्तनमा सकारात्मक र उपयोगी भूमिका निर्वाह गर्दै जानुपर्छ ।’

पूर्वराष्ट्रपति भण्डारीले महिला आत्मविश्वासी भएर सकारात्मक सोत र योजनासहित अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याइन् । उनले महिला आत्मनिभएर भए मात्रै क्षमता अभिवृद्धिसँगै नेतृत्वमा जानसक्ने धारणा राखिन् । ‘समाजमा महिलाको योगदानलाई अपेक्षित गरिँदै आइएको छ । त्यसैले हामीले महिला नेतृत्व गर्न, उद्यम गर्न र समाज रुपान्तरण गर्न पूर्णरूपमा सक्षम छन् भनेर प्रचारप्रसार गर्न जरुरी भइसकेको छ’, उनले भनिन्,‘महिलालाई प्रवर्द्धन र संवर्द्धन गर्न सकेको खण्डमा मात्रै प्रभावकारी ढङ्गले महिला उद्यमशीलताको विकास हुनेछ ।’

पूर्वराष्ट्रपति भण्डारीले महिलाको त्याग र समर्पणलाई सस्थागत गरेर अवसरहरू सिर्जना गरे मात्रै महिलामाथि सम्मान हुने धारणा राखिन् । मुलुकको बढ्दो व्यापार घाटालाई न्यूनीकरण गर्न आयात प्रतिस्थापनको नीति अपनाएर स्वदेशी उत्पादनमा जोड दिनुपर्ने उनले बताइन् । सम्मेलनको संयोजक डा.लक्ष्मी थापाले यस्ता खालका कार्यक्रमले महिलाको उद्यमशीलता विकासका लागि सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले महिला उद्यमशीलताको विकासका लागि महिलालाई अवसरसँगै घरघरबाट उद्योग-व्यवसाय सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

‘पछिल्लो समय महिला उद्यमशीलताको विकास द्रुत गतिमा भइरहेको छ । यसलाई अझै प्रवर्द्धन र संवर्द्धन गर्न राज्यका विभिन्न निकायले सहयोग गर्नुपर्ने जरुरी छ’, उनले भने ।

# ओखलढुंगा पत्रकार समाजको साधारणसभा तथा विमर्श कार्यक्रम



**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ भदौ

ओखलढुंगा पत्रकार समाजले आफ्नो प्रथम साधारणसभा तथा ओखलढुंगाको वर्तमान अवस्थाका बारेमा विमर्श कार्यक्रम गरेको छ । नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको सभाहलमा शनिबार ओखलढुंगा घर भई काठमाडौंमा बसेर विभिन्न मिडियामा काम गर्ने पत्रकारबीच भएको उक्त कार्यक्रममा जिल्लाको पत्रकारिताको इतिहासदेखि वर्तमान अवस्था समेतको चर्चा भयो ।

ओखलढुंगाका अग्रज पत्रकारहरूले पत्रकारिता जति अभ्यास गर्‍यो त्यति नै पेशाप्रति निखार आउँने बताएका छन् । नेपालको साहित्य र पत्रकारिताको राष्ट्रिय विकासमा ओखलढुंगाका पत्रकारको योगदान महत्वपूर्ण रहेको नेपाल प्रेस काउन्सिलका पूर्वअध्यक्ष राजेन्द्र दाहालले बताए । माटोप्रति कसैको बैरभाव नहुने सन्देश कार्यक्रममा सहभागीहरूको प्रस्तुतिले प्रष्ट्याएको भन्दै उनले ओखलढुंगाका पत्रकारहरूको साझा संस्थाका रूपमा ओखलढुंगा पत्रकार समाजलाई अघि बढाउनुपर्ने सुझाव दिए । नेपालको पत्रकारितामा विसं. २०३० देखि २०५० को अवधिमा वरिष्ठ पत्रकार होमनाथ दाहालको योगदान विशिष्ट रहेको दाहालले उल्लेख गरे ।

वरिष्ठ पत्रकार एवं प्राध्यापक पुरुषोत्तम दाहालले पत्रकारिता सँधै सिक्ने विषय भएकाले यसको अभ्यास जति गर्‍यो त्यति निखारपन आउने बताए । ‘पत्रकारले अन्तिम सास हुँदासम्म स्वतन्त्रता खोज्छ’, उनले भने ‘पत्रकार स्वतन्त्रताका अभियान्ता हुन्, पत्रकारितालाई निष्ठापूर्ण बनाउनु पर्छ तर त्यो कुरा कठिन कुरा हो । स्वतन्त्रताको अनुभूति हराएका दिन पत्रकारिता पनि मर्छ ।’ ओखलढुंगा पत्रकार समाजका सल्लाहाकार समेत रहेका दाहालले संस्थाले कुनै एउटा क्षेत्रमा केन्द्रीत भएर आफ्ना कार्यक्रमहरू अघि बढाएको खण्डमा चाडै सफलता पाउने सुझाव दिएका थिए ।

त्यस्तै संस्थाका सल्लाहकार एवं नेपाल पत्रकार महासंघकी निवर्तमान कार्यबाहक अध्यक्ष बाला अधिकारीले संस्थालाई बलियो बनाउन विभिन्न निकायहरूसँगको सहकार्यमा कार्यक्रमहरू गर्नुपर्ने बताइन् । ओखलढुंगा समाजका उपाध्यक्ष एवम् गोरखापत्रका डिजिटल प्रमुख नारद गौतमले ‘ओखलढुंगाको पत्रकारिताको इतिहास र वर्तमान अवस्था’ विषयमा कार्यपत्र प्रस्तुत गर्दै ओखलढुंगामा मौखिक तथा हस्तलिखितबाट सुरु भएको साहित्य एवम् पत्रकारिता अहिले डिजिटल युगसम्मको अवस्थालाई प्रस्तुत गरेका छन् ।

उनले नेपालमा दर्ता भएको पहिलो हस्तलिखित साहित्यीक पत्रिका ‘जूनकिरी’ देखि वर्तमान पत्रकारिताको अवस्था समेतको चर्चा गरे । पत्रकारिताको सबैभन्दा लामो र व्यावसायिक अभ्यास गर्ने ओखलढुंगाका पत्रकार होमनाथ दाहाल रहेको उनले बताए । समाजका अध्यक्ष चेतनाथ धमलाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका अग्रज पत्रकारहरू जीवनाथ धमला, बालकुमार नेपाल, हरिप्रसाद ढुगेल, विनोद दाहाल, सलोजा दाहालले आफ्नो धारण राखेका थिए ।

त्यस्तै पत्रकारहरू शिव सत्याल, नारायण घिमिरे, शिव विक (मिलन), टीकाराज श्रेष्ठ, मदन कोइराला, कुम्भराज राई, जानुका बराल, लोचन खतिवडा, लीला श्रेष्ठ, सुमन लुइटेल, टेकबहादुर खड्का, गोविन्द गिरी, सर्मिला थापा, पेशल खतिवडालगायत जिल्लाका ४० भन्दा बढि पत्रकारहरूको सहभागीता थियो । सहभागी वक्ताहरूले ओखलढुंगा र पत्रकारिताको साइनो बलियो रहेको विषयमा चर्चा गरेका थिए ।

ओखलढुंगामा जन्मेर काठमाडौं उपत्यका तथा अन्य स्थानमा पत्रकारिता गर्दै आएका पत्रकारहरूलाई एकताबद्ध गर्दै जिल्लाको पत्रकारितालाई अझ बलियो बनाउँन सामुहिक प्रयत्न गर्ने उद्देश्य रहेको ओखलढुंगा पत्रकार समाजका महासचिव जीवन शर्माले बताए । समाजका अध्यक्ष चेतनाथ धमलाले संस्थालाई बलियो बनाउन आगामी वार्षिक कार्यक्रम बनाएर कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । समाजको साधारण सभाबाट महासचिवको सांगठनिक प्रतिवेदन र कोषाध्यको आर्थिक प्रतिवेदन समेत पारित भएको छ । साधारण सभामा आगामी वर्षको नीति तथा कार्यक्रमका बारेमा समेत छलफल भएको थियो ।

## लिपुलेकबारे...

दलहरूले आपत्ति जनाउँदै आएका छन् । भारत र चीनबीचको सम्झौतामा परेको लिपुलेकबारे केही दशक अगाडिसम्म नेपालको भूमि हो भनेर चिनियाँ पक्षले स्वीकार गरेको थियो । यद्यपि अहिले सोही भूमिलाई चीन र भारतले द्विदेशीय व्यापारिक मार्ग प्रयोग गर्ने सहमति गरेका थिए । सो सहमतिप्रति आपत्ति जनाउँदै संसदमा नेपालका प्रधानमन्त्री ओलीको जवाफ माग भएको थियो । नेपालको परराष्ट्र मन्त्रालयले चीन-भारत सहमति स्वीकार्न नसकिने भन्दै लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो अभिन्न भूभाग रहेको अडानलाई नेपालले कायमै राखेको जनाएको छ । महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट रहेको भन्दै परराष्ट्र मन्त्रालयले भनेको छ, ‘नेपाल सरकारले भारत सरकारलाई सो क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको विदितै छ ।’ सो क्षेत्र नेपाली भूभाग रहेको विषयमा नेपालले चीनलाई समेत जानकारी गराइसकेको परराष्ट्र मन्त्रालयले जनाएको छ । नेपालले आफ्नो धारणा प्रस्ट पारेलगत्तै भारतले काउन्टर जबाफ फर्काउँदै सो क्षेत्र पहिलादेखि नै भारतीय भूमि रहेको दाबी गरेको थियो । यस विषयमा प्रधानमन्त्री ओलीले चीन भ्रमणमा आफ्ना विषय स्पष्ट बताउँदै शुक्रबार चीन प्रस्थान गरेका थिए । सोहीअनुसार चिनियाँ राष्ट्रपति सीसँग थियानजिन अतिथि गृहमा भएको भेटमा ओलीले लिपुलेकलाई व्यापारिक मार्ग बनाउने भारत चीनबीचको सहमतिमा आपत्ति जनाएको परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले बताए । ‘नेपाली भूमि लिपुलेकलाई व्यापारिक मार्ग बनाउने विषयमा चीन र भारतबीच भएको सहमतिका विषयमा राष्ट्रपति सीसँग प्रधानमन्त्री ओलीले स्पष्ट रूपमा आपत्ति रहेको कुरा राख्नुभयो,’ परराष्ट्र मन्त्रालयका सचिव राईले भने । साथै सन् १८१६ को सुगौली सन्धिबमोजिम महाकाली पूर्वका सबै भूभाग सार्वभौम मुलुक नेपालकै भएको स्पष्ट पारिएको उनको भनाइ छ । ‘यस मामिलामा चीनले नेपाललाई सहयोग गर्नेछ भन्ने विश्वास नेपालले लिएको छ,’ राईले भने ।

भेटवार्तामा दुई देशबीचको मित्रवत् सम्बन्ध र सहकार्यका विविध क्षेत्रमा कुराकानी भई सम्बन्ध र सहकार्य अभिवृद्धि गर्न दुवै देशका संयन्त्र अग्रसर हुने समझदारीसमेत भएको राईले बताएका छन् ।

## नेपाल-चीन...

तुलसी गिरीसमेत सहभागी थिए । पेकिङमा भएको सम्झौतामा नेपालका तर्फबाट राजा महेन्द्र र चीनका तर्फबाट तत्कालीन राष्ट्रपति ल्यु-साओ-चीले हस्ताक्षर गरेपछि नेपाली तथा चिनियाँ प्रतिनिधि मण्डलका सदस्यबीच अंकमालसहित खुसीयाली मनाएको इतिहास छ । यो सम्झौताले अहिले विवाद बनाइएको भूमि नेपालकै रहेको तथ्यले देखाएको छ ।

सन् १९९१ को डिसेम्बर १३ मा भारत र चीनबीच लिपुलेकलाई व्यापारिक नाकाको रूपमा खुला गर्ने सीमा व्यापार सम्झौता भए पनि यो नाका नियमित व्यापारिक प्रयोगमा आएको थिएन । सन् २०१५ मा भारत र चीनले लिपुलेक क्षेत्रलाई व्यापारिक नाकामा विस्तार गर्ने सहमति गरेपछि नेपालले दुवै देशसँग असन्तुष्टि प्रकट गरेको थियो ।

तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसमक्ष पनि त्यसबारे विमति व्यक्त गरेका थिए । नेपाली अधिकारीहरूका अनुसार त्यसबेला चीनले नेपालले पठाएको ‘कूटनीतिक नोट’को उत्तर दिएको भए पनि भारत मौन बसेको थियो । भारतीय रक्षामन्त्री राजनाथ सिंहले २०७७ वैशाखमा दार्चुला-लिपुलेक सम्पर्क सडकको उद्घाटन गर्दा पनि नेपालले विरोध जनाएको थियो ।

## नेपाल...

रहनेछ ।’ यस प्रतिष्ठानको अध्यक्ष परराष्ट्रमन्त्री हुने प्रस्तावित प्रावधान छ । परराष्ट्रमन्त्रीको अध्यक्षतामा रहने परराष्ट्र प्रतिष्ठान परिषदमा परराष्ट्र मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव सदस्य रहन्छन् ।

सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय कानुनविद्मध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले मनोनयन गरेको एक जना, पूर्वनेपाली राजदूतमध्येबाट एक जना, मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सुरक्षा मामिला सम्बन्धमा कम्तीमा १० वर्ष अनुभव हासिल गरेका सुरक्षाविद्हरू मध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना सदस्य हुन्छन् ।

अन्तर्राष्ट्रिय सम्बन्ध, परराष्ट्र मामिला विज्ञ वा विश्वविद्यालयका प्राध्यापकमध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना महिलासहित दुई जना सदस्य रहन्छन् । उद्योग तथा व्यापारिक क्षेत्रको प्रतिनिधित्व हुनेगरी नेपाल सरकारबाट मनोनीत एक जना सदस्य हुन्छन् ।

सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा काम गरेका आदिवासी/जनजाति, मधेशी, दलित तथा अल्पसंख्यक समुदायका व्यक्तिमध्येबाट नेपाल सरकारबाट मनोनीत दुई जना सदस्य हुन्छन् । कार्यकारी निर्देशकले सदस्य सचिवका रूपमा काम गर्नेछन् ।

यस प्रतिष्ठानको एउटा कोष रहनेछ । प्रतिष्ठानको कोषमा रहने रकममा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम पनि रहनेछ । अगाडि लेखिएको छ, ‘कुनै विदेशी सरकार, व्यक्ति र अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त हुने रकम, परामर्श सेवा, प्रशिक्षण एवं अनुसन्धान वा अन्य कुनै व्यावसायिक कार्य गरेबापत प्राप्त हुने रकम, प्रतिष्ठानले गरेको प्रकाशनको बिक्रीवितरणबाट प्राप्त हुने रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम’ कोषमा रहनेछ ।

अर्थात् नेपाल सरकारले परराष्ट्रमन्त्रीकै अध्यक्षतामा गठन गर्न लागेको प्रतिष्ठान कुनै नाफामूलक संस्थाजस्तो हुने परिकल्पना गरेको देखिन्छ । परराष्ट्रसँग सम्बन्धित नेपाल मामिलाको विषयमा अध्ययन गर्ने उद्देश्य राखेको छ । तर यसका निम्ति प्राप्त हुने रकमबारे वैदेशिक सहायताको विषयसमेत समावेश छ । कुनै पनि देशले परराष्ट्रसँग सम्बन्धित रहेर आन्तरिक मामिलाबारे अध्ययन गर्छन् । यस्तोमा सम्बन्धित देशकै मात्र रकम लिने र त्यसमा पनि गोपनीयता कायम राख्छन् । तर नेपालको हकमा वैदेशिक सहायता लिएर नेपालको परराष्ट्र मामिला अध्ययन गर्ने परिकल्पना प्रस्तावित विधेयकले गरेको छ । परामर्श सेवा, प्रशिक्षण एवं अनुसन्धान वा अन्य कुनै व्यावसायिक कार्य गरेर पैसा कमाएर अनुसन्धानका लागि प्रतिष्ठानले पैसा जुटाउने भनिएको छ ।

यस्तो प्रस्तावित विधेयकउपर कानुन आयोगले सर्वसाधारणसँग सुझाव मागेको छ । सर्वसाधारणको सुझाव लिएर कानुन आयोगले कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पठाउँछ । परराष्ट्र मन्त्रालयले विधेयक अगाडि बढाएको खण्डमा ऐनमा रूपान्तरित भएर लागू हुन सक्छ ।

## मलेसियामा...

सुरक्षागार्डको न्यूनतम तलब कार्यान्वयन नगर्ने कम्पनीको नयाँ मागपत्र प्रमाणीकरण नगरिने बताउँदै आएको छ । तर न्यूनतम तलब कार्यान्वयनमा आएको ६ महिना बितिसक्दा पनि अतिरिक्त समय काम गरेको तलब नपाएको सेक्युरिटी क्षेत्रमा काम गर्ने नेपाली कामदारको गुनासो रहेको छ ।

नेपाली दूतावासले शुक्रबार सञ्चालन गर्ने साप्ताहिक फेसबुक लाइभ कार्यक्रममा काउन्सिलर श्रम कृष्णप्रसाद भुसालले नेपाली दूतावासले गुनासो समाधानका लागि नयाँ डिमान्ड एटेस्टेसनमा न्यूनतम तलब १७ सय रिंगेट अनिवार्य र सुरक्षागार्डको बैंक खातामा तलब जम्मा भएको बैंक ट्रान्सफरको स्लिप अनिवार्य गरिएको बताए । उनले पे स्लिप पेस नगर्ने कतिपय कम्पनीको मागपत्र प्रमाणीकरण नगरी रोकेको समेत बताए ।

उनले ओभरटाइमको तलबबारे पनि मागपत्र प्रमाणीकरण गर्ने समयमा नै सुनिश्चित गर्ने विषयमा रोजगारदाता कम्पनीसँग छलफल भइरहेको र त्यसमा केही समयपछि कामदारको हितअनुसारको व्यवस्था हुने पनि बताए । बढेको र अतिरिक्त तलब नपाएको गुनासो बढेपछि मलेसियाको श्रम विभागले विगतमा ३५ वटा सेक्युरिटी कम्पनीको निरीक्षण गरेको थियो । कतिपय कम्पनीले दैनिक १२ घण्टाको जोडेर मासिक २ हजार रिंगेट तलब दिने गरेको श्रम विभागले भेटेको थियो ।

मलेसियाले बढेको तलब नदिने रोजगारदाताहरूलाई राष्ट्रिय तलब परामर्श परिषद् ऐन २०११ (ऐन ७३२) अन्तर्गत जरिमाना गर्ने बताएको छ । तर सेक्युरिटी कम्पनीमा कामअनुसारको तलब नपाएको समस्या समाधान नभएको देखिएपछि मलेसिया सरकारले रोजगारदाताहरूलाई जरिमाना तिर्नुभन्दा कामदारलाई न्यूनतम तलब दिनु नै उचित हुने सुझाव सेक्युरिटी कम्पनीलाई दिएको छ ।

## मलेसियामा...

दर्दनाक घटनाबाट शिक्षा लिएर मदिराको लतबाट टाढा बस्न दूतावासको आग्रह छ ।’

कुवेतमा दुई साताअघि भएको विषाक्त मदिरा सेवन गर्दा १६ नेपालीसहित २३ जनाको मृत्यु र १ सय ६० जना बिरामी भएका थिए । कुवेती सञ्चारमाध्यमहरूले अवैध मदिरा कारोबारका मुख्य कारोबारी मानिएका ४ जनालाई मृत्युदण्डको सजाय हुनसक्ने आंकलन गरेका छन् ।

कुवेतको गृह मन्त्रालयले विषाक्त मदिरा सेवनपछि अस्पतालमा भर्ना भएका सबै विदेशीलाई उपचारपछि देश निकाला गर्ने बताएको छ । देश निकालामा पर्नेमा कम्तीमा ३५ जना नेपाली कामदार रहेको बताइएको छ ।

## ट्र्याकमा...

निष्क्रिय हुनेगरी निजामती विधेयकमा राख्न भएको छलछाम राष्ट्रिय सभामा सच्चिएको हो । यस्तो सहमतिपछि प्रशासनिक संघीयतासँग जोडिएको यो विधेयक अगाडि बढ्ने वातावरण तयार भएको छ ।

विधायन व्यवस्थापन समितिमा शनिबार एकसरो छलफल सकिएपछि बैठकमा सभापति तुलसीकुमारी दाहालले कुलिङ अफ पिरियडको प्रावधान रहने निर्णय सुनाइन् । उनले भनेकी छन्, ‘निजामती विधेयकमा कुलिङ अफ पिरियड राखेर जाने निर्णय भयो ।’ यो सैद्धान्तिक सहमतिअनुसार प्रतिवेदन लेखेर सभामा पेस गर्ने समितिको तयारी छ ।

यो विधेयक गत असार १५ गते प्रतिनिधि सभाबाट पारित भएर राष्ट्रिय सभामा पुगेको हो । राष्ट्रिय सभाले यही भदौ १६ गतेभित्र विधेयक पारित गरेर प्रतिनिधि सभामा फिर्ता पठाउने तयारी गरेको छ । राष्ट्रिय सभाबाट विधेयक फिर्ता भएपछि प्रतिनिधि सभाले अगाडि बढाउँछ । राष्ट्रिय सभामा भएको निर्णय प्रतिनिधि सभाले स्वीकार गरे सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनमा रूपान्तरित भएर लागू हुन्छ ।

नेपाल राजनीतिक रूपमा संघीयताको अभ्यासमा २०७४ सालमै गएको हो । तीन तहको निर्वाचन भएर मुलुक अगाडि बढिरहेको छ । तर संघीयता कार्यान्वयन हुने गरी निजामती कर्मचारी विकेन्द्रीकृत हुन सकेको छैन । यो विधेयक ऐनमा रूपान्तरित भएपछि प्रशासनिक संघीयता पनि औपचारिक रूपमै कार्यान्वयनमा जान्छ । सुरक्षा निकाय पनि केन्द्रीकृत नै छ ।

निजामती विधेयक अगाडि बढेसँगै प्रहरी समायोजनको कामसमेत अगाडि बढ्ने कतिपयको विश्वास छ । नेपाल प्रहरीसम्बन्धी विधेयक पनि प्रतिनिधि सभामा पुगिसकेको छ । प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा नेपाल प्रहरीसम्बन्धी विधेयक दफाबार छलफलमा रहेको छ ।

# उमंगको पर्व गौरा, रित्तिएका गाउँमा चहलपहल

**दिपक राज भट्ट/मध्यान्ह**
डडेल्धुरा, १४ भदौ

सुदुरपश्चिम जति भौगोलिक रुपमा विकट छ, त्यति नै सांस्कृतिक रुपमा सम्पन्न पनि रहेको छ । सुदुरपश्चिममा नौ वटा जिल्ला रहेका छन्, जसमा दुई तराईका र सात पहाडी जिल्ला रहेका छन् । अहिले पहाडी जिल्लामा गौराको उमंग छाएको छ ।



पछिल्लो समयमा मानिसहरूले आधारभूत आवश्यकताहरू सहज रुपमा परिपूर्ति गर्नकै लागि तराईका जिल्लामा बसाइँ सरेको पाइन्छ । तर गौराको उमंग बढेसँगै आफ्नो कर्मथलो छाडेर जन्मथलो फर्कनेहरूको लर्को बढ्दो देखिन्छ । सुदुरका पहाडी जिल्लामा गौराको सुरुवातसँगै मेला (जाँत) को पनि थालनी भएको छ । अहिले पहाडी जिल्लाहरू गौराको रौनकले भरिएका छन् । जन्मथलो फर्किएपछि सुदुर पहाडका गाउँहरूमा चहलपहल थपिएको छ ।

भगवान शिव र गौरी (पार्वती) को गाथा गाइने र निश्चित विधिअनुसार मनाइने पर्व नै गौरा पर्व हो । गौराका सुरुका चार दिन महिलाहरू आफ्ना पतिको दीर्घायुका लागि व्रत बस्ने परम्परा रहेको छ ।

गौरा पर्व कम्तीमा चार दिनदेखि दस दिनसम्म मनाउने प्रचलन रहिआएको छ । गौरा देवीको प्रतिमा सेताएर विसर्जन गर्नु अघि फाग, सगुन र धुमारी गाइने चलन रहेको छ । यिनै फाग, चैत, धुमारीका स्वरले अहिले सुदुरका गाउँहरू गुन्जायमान बनेका छन् ।

गौरा पर्वमा पञ्चमीलाई विशेष दिनका रूपमा लिइन्छ । यस दिन ‘बिरुडा’भिजाउने गरिन्छ । त्यसको भोलिपल्ट बिरुडालाई नौलामा सफा गर्न लैजाने परम्परा छ । बिरुडालाई गौराको प्रसादका रूपमा लिने गरिन्छ । आफन्तजनको सुस्वास्थ्य र दीर्घायुको कामनासहित बिरुडालाई प्रसादका रूपमा वितरण गर्ने चलन पनि छ ।

गौरा पर्वमा गाइने फागः युवा पुस्ता अनविज्ञ

गौरा पर्वको सुरुवात नै फागबाट हुने गर्छ । फागले गुन्जायमान भएका सुदुरका गाउँहरू अहिले निकै रमाइलो बनेका छन् । गौरा देवी (पार्वती) को कथा-व्यथा समेटेर फागको लयमा गाइन्छ । तर पछिल्लो पुस्ता भने यसबारे खासै जानकार नभएको भन्दै स्थानीय शिवदत्त भट्टले चिन्ता व्यक्त गरेका छन् । उनका अनुसार अहिलेको पुस्ता परम्परागत फाग, डेउडा, चैत, धुमारीका बारेमा अनविज्ञ रहेका छन् । यसको पुस्तान्तरणका लागि कुनै निकायले चासो दिएको छैन । अहिलेको पुस्ता डिजे जस्ता सामग्रीमा रमाइरहेको देखिन्छ, जुन दुखद हो। यसको संरक्षण र पुस्तान्तरणका लागि हामी सबैले चासो दिनुपर्छ ।

‘बिरुडा’ के हो ?

बिरुडा भिजाएर मात्रै गौराको औपचारिक सुरुवात हुन्छ । पाँच वटा खाद्यवस्तुको मिश्रणलाई बिरुडा भनिन्छ । जसमा गहत, केराउ, गहुँ, मास र अन्य दलहन मिसाइन्छ । यसलाई तामा अथवा पित्तलको भाँडोमा भिजाएर, अलगै कोठामा राखिन्छ। बिरुडालाई सामूहिक रूपमा भिजाउने गरिन्छ भने सामूहिक रूपमा धुने र बाँड्ने कार्य गरिन्छ ।

# कुलिङ अफ पिरियडलाई मात्र प्रचार गरिएकोप्रति मन्त्री न्यौपाने असन्तुष्ट

**काठमाडौं/मस-** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले संघीय निजामति सेवा विधेयकसम्बन्धी छलफललाई कुलिङ अफ पिरियडमै सीमित गरिएको भन्दै असन्तुष्टी व्यक्त गरेकी छिन् ।

शनिबार राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको बैठकमा बोल्दै मन्त्री न्यौपानेले उक्त विधेयकलाई केवल कुलिङ अफ पिरियडको एजेन्डामात्र जस्तो गरी प्रस्तुत गरिएको बताइन् ।



उनले निजामति सेवा ऐनमा समेटिएका नियुक्ति, सरुवा, व्यवस्थापन, पदपूर्ति लगायतका अन्य महत्वपूर्ण विषयलाई ओझेलमा पारिएको बताइन् । 'संघीय निजामति सेवा विधेयक भनेको कुलिङ अफ पिरियड मात्रै हो भन्ने जस्तो प्रचार भयो । तर त्यसभन्दा बाहेक पनि धेरै महत्वपूर्ण विषय छन्,' उनले भनिन् ।

प्रतिनिधि सभामा यस विषयमा भएको छलफलले 'अनावश्यक विवाद' सिर्जना गरेको उल्लेख गर्दै मन्त्री न्यौपानेले राष्ट्रिय सभाले भने सौहार्दपूर्ण वातावरणमा छलफल गरी विधेयकलाई निष्कर्षमा पुर्‍याउने विश्वास व्यक्त गरिन् ।

सेटिङमा ठेक्काको सूचना

# दोलालघाट–खावा सडक निर्माणमा तीन पटकसम्म ठेक्का नपर्दा लथालिंग

**मध्यान्ह संवाददाता**
भक्तपुर, १४ भदौ

सडक डिभिजन कार्यालय भक्तपुरले निश्चित ठेकेदारसँगको सेटिङमा सार्वजनीक खरिद ऐन, नियमावली तथा स्ट्याण्डर विडिङ डकुमेन्टको आशय विपरित खुलाएको अरनिको राजमार्ग दोलालघाट-खावा सडकको टेण्डर प्रक्रियामा कुनै निर्माण व्यवसायीले विडिङ गरेका छैनन् । ठेक्का प्रकृया नै अनावश्यक मापदण्ड (क्लज) राखेर सूचना निकालेपछि विवादी बनेको सो कार्यकालागी व्यवसायीहरू सहभागी नभएका हुन् ।

काभ्रेपलाञ्चोकको अरनीको राजमार्ग दोललघाट खावा सडकाको लागि नयाँ ठेक्का आव्हानमा राखिएको सिमेन्ट वेस ४५६० को (क्लज) क्राइटेरिया अनुसार विडिङ गर्न जो कोही ठेकेदारले सक्दैन् । यसरी निश्चित ठेकेदारसँगको मिलेमतोमा भक्तपुर सडक डिभिजन कार्यालयका कर्मचारी, क्षेत्रीय सडक डिभिजनका कर्मचारी सडक बिभागका कर्मचारीले काठमाडौको एक होटलमा बैठक बसी सिमित निर्माण कम्पनीहरुले मात्र सहभागीता जनाउन पाउँने योग्यताको आधार छनोट गरेको पाइएको छ ।

गत साउन १ गते पहिलो पटक प्रकाशित बोलपत्रको ठेक्का DROBKT/337011384/082/83/1 Improvement of Araniko Highway Dhulikhel Dolalghat Road Section NH34:Dhulikhel-Khawa Section -Ch:30+000-34+155.47Km को 2.4.2 (b) मा यस्तो सिमित निर्माण व्यवसायी मात्रको प्राविधिक छनौट हुनेगरी प्रायोजित रुपमा प्रकाशन गरेको कर्मचारीमाथि आरोप छ ।

साउ १ गते प्रकाशित सूचना अनुसार ठेक्का नपरेपछि उक्त कार्यकालागी भदौ ३ मा पूनः बोलपत्र आव्हान गरिएको भक्तपुर सडक डिभिजन कार्यालयले जनाएको छ । कार्यालयबाटै बदमासी भएको देखिएपछि




बोलपत्र क्राइटेरिया संशोधन गर्न सडक डिभिजन कार्यालय कटुञ्जेलाई निर्माण व्यवसायीहरूले ध्यानाकर्षण गराएका छन् । सडक डिभिजनका कर्मचारीले बदनियतकासाथ प्रकाशन गरेको सो टेण्डर सूचना अनुसार कुनै फर्म नपरेपछि पुनः सूचना प्रकाशन गरिएको थियो । तर सो समयावधिमा समेत कुनै निर्माण व्यवसायीले ठेक्का हालेका छैनन् । टेण्डर प्रक्रिया नै विवादित भएकाले ठेकेदार कम्पनीलाई मुद्धा पर्ने त्रास बढेकाले कोहीपनि निर्माण व्यवसायीले यो काममा हात नहालेको काभ्रेका एक निर्माण व्यवसायीले बताए । उक्त ठेक्कामा म्याद थपको तेस्रो सूचना फेरि प्रकाशनको तयारीमा भक्तपुर सडक डिभिजन कार्यालय जुटेको छ । तर विवादले सिमा नाघेको यो ठेक्का रद्द गरेर विना क्लज नयाँ प्रक्रिया अघि बढाउनु पर्ने आम व्यवसायीहरूको माग छ ।

डिभिजन कर्मचारीको यस्तो बदमासीप्रति निर्माण व्यवसायीहरूले आपत्ति जनाएका छन् । यस विषयमा नेपाल निर्माण व्यवसायी महासंघले समेत ध्यानाकर्षण भएको जनाएको छ । नेपाल सरकारबाट ४२ करोडको स्रोत सुनिश्चित भएर १४ महिनाको अवधिमा सम्पन् गर्ने गरी भएको नयाँ बोलपत्र आव्हानमा कमीशनको चक्कर देखिएपछि यो आयोजनाको काम कार्यालयबाटै सुरुमै विवादीत बनेको स्थानीयहरू बताउँछन् ।

सिमेन्ट वेस ४५६० को क्लज राखेर गरिएको बोलपत्र आव्हान सार्वजनीक खरिद ऐन, नियामावली तथा स्ट्याण्डर विडिङ डकुमेन्टको आशय विपरित भएको निर्माण व्यवसायी महासंघले समेत औंल्याएको छ । यस्तो क्लज राखेर ठेक्का निकाल्दै गदा निश्चित निर्माण व्यवसायीहरुले मात्रै काम पाउने र नेपालका कम्तीमा ३० हजार निर्माण व्यवसायीहरु अप्ठ्यारोमा पर्ने अवस्था आएका एक निर्माण व्यवसायीले बताएका छन् ।

उक्त विषयमा विभिन्न स्थानबाट विरोध गुनासो आएको भन्दै नेपाल निर्माण व्यवसायी महासंघले सार्वजनिक खरिद अनुगमन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सडक डिभिजन कार्यालय भक्तपुरमा यस्ता गतिविधि गर्ने माथि कारवाही गर्न र स्वस्थ प्रतिस्पर्धामा सहभागी हुनपाउँने मौलिक हक कुन्ठीत नगर्न आग्रह गर्दै पत्राचार समेत गरेको छ । राज्यले निर्माण विकासमा छुट्याएको बजेट माथि खेलबाडगर्ने कर्मचारी र सम्बन्धित निर्माण व्यवसायी माथि राज्यले कारवाही गर्नुपर्ने बताएका छन् । काभ्रेपलाञ्चोक हुँदै गोदारी राजमार्ग जोडने विशेष महत्वको सडक निर्माणमा भएको खेलबाडले ४२ करोडको निर्माण कार्य थप लथालिङग हुने स्थानीयले गुनासो गर्दै आएका छन् ।

# अलैंची उत्पादन बढाउन किसानलाई सहयोग गर्ने मुख्यमन्त्रीको प्रतिबद्धता

**झापा/मस-** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले अलैंचीको उत्पादकत्व वृद्धि र व्यवसाय प्रवर्द्धनमा प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

शनिबार नेपाल अलैंची व्यवसायी महासङ्घको विर्तामोडमा आयोजित पाँचौं महाधिवेशनमा उनले अलैंचीको नर्सरीदेखि बजार प्रवर्द्धनसम्म सरकारबाट सहयोग हुने बताए । उनले अलैंचीको उत्पादन र निकासी बढाउन नीतिगत रुपमा प्रदेश सरकारले निर्णय गरी स्रोतसाधान उपलब्ध



गराउने प्रतिबद्धता पनि व्यक्त गरे ।

मुख्यमन्त्री कार्कीले साना तथा मझौला व्यवसायको प्रवर्द्धन र उद्यमशीलताको विकासका लागि स्वीस सरकारसँगको सहयोगमा प्रदेश सरकारले 'उदय' परियोजना सुरु गरेको बताउँदै भने, 'रु ३० लाखदेखि तीन करोडसम्म साना तथा मझौला उद्योगमा लगानी गर्दैछौं ।'

उनले अलैंची, चिया, बाँस दुग्ध पदार्थलगायतका क्षेत्रमा उत्पादन र बजार बढाएमा कोशी प्रदेश समृद्धि यात्रामा तीव्र गतिमा अघि बढ्ने धारणा व्यक्त गरे । उनले चियाको कार्यालय काठमाडौंबाट उत्पादन क्षेत्रमा आउनुपर्ने धारणा व्यक्त गरे । संस्थाका अध्यक्ष निर्मला भट्टराईले वार्षिक सातदेखि रु १० अर्बको अलैंची निर्यात भइरहेको जानकारी दिँदै भोजपुर र सङ्खुवासभालाई समेटेर अलैंची 'सुपरजोन' स्थापना गर्न सरकारसँग आग्रह गरिन् ।

महाधिवेशनमा १६ जिल्लाका प्रतिनिधि सहभागी छन् । त्यस अवसरमा उत्कृष्ट निर्यातकर्ता, उत्कृष्ट किसान र कर्मचारीलाई पुरस्कार प्रदान गरिएको थियो ।

# साउदी अरबमा एनआरएनएको नयाँ पदाधिकारी चयन

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, १४ भदौ

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनसीसी) साउदी अरबले २०२५-२०२७ कार्यकालका लागि नयाँ पदाधिकारी चयन गरेको छ ।

अध्यक्ष उमेश भट्टराईको अध्यक्षतामा हालै सम्पन्न दोस्रो पूर्ण बैठकले सल्लाहकार मण्डलमा रबिना अर्याल, रोशन कुमार श्रेष्ठ, राजकुमार श्रेष्ठ, राम राधा घिमिरे र अमर सापकोटा; संरक्षक मण्डलमा ओम घले, विमल गौतम, तेजबहादुर थापा, रामबहादुर छेत्री र लालबहादुर मगर; अनुशासन समितिमा विशाल कुमार श्रेष्ठ (संयोजक), कुमार कार्की, भक्त हमाल, खेमराज भट्ट र नरबहादुर खतिवडा; लेखा समितिमा हेम सुबेदी (संयोजक), दिनेश न्यौपाने र अरुण कुमार शाहलाई चयन गरेको छ ।

त्यस्तै, लेबर टास्क फोर्स समितिमा विष्णुप्रसाद भण्डारी (संयोजक), धनकुमार लामा (पूर्वी), विनोद खड्का (अल-कासिम), बुद्धि प्रसाद बास्तोला (ताबुक), जितेन्द्र थपलिया (रियाद), शंकर पौडेल (जिजान) र डीपी अर्याल (जेद्धा) रहेका छन् । खेलकुद समितिको संयोजकमा राज गिरी, परोपकार समितिको संयोजकमा मनिष कोइराला, संगठन विस्तार समितिको संयोजकमा अर्जुन थापा र सूचना तथा संचार समितिको संयोजकमा धुर्व राज कटुवाल रहेका छन् । साथै केन्द्रीय सदस्यमा ओम प्रसाद फुयाँल, होमराज बास्तोला र महिला सदस्यमा रेणु श्रेष्ठ मनोनित भएका छन् । एनआरएनए साउदी अरबको नयाँ नेतृत्व चयनसँगै साउदीमा रहेका नेपाली श्रमिकका समस्या समाधान, अधिकार सुनिश्चितता र आवश्यक सहयोगमा प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ ।

# उखु किसानले भदौ २५ देखि अनिश्चितकालीन राजमार्ग अवरुद्ध गर्ने

**अनिल बनिया (बिनोद)/मध्यान्ह**
चितवन, १४ भदौ

उखु उत्पादक महासंघ, नेपालको अगुवाइमा आन्दोलनरत उखु किसानले भदौ २५ गतेदेखि अनिश्चितकालीन रूपमा राष्ट्रिय राजमार्ग अवरुद्ध गर्ने घोषणा गरेका छन् ।

महासंघका अनुसार सरकारले किसानलाई दिनुपर्ने अनुदान रकम बदनीयतपूर्वक कटौती गरेको र उखुको मूल्य तोक्दा किसानको सहभागिता सुनिश्चित नगरेको भन्दै यो कठोर कदम चाल्न बाध्य हुनुपरेको हो ।

महासंघका प्रवक्ता उमेशचन्द्र यादवले जारी विज्ञप्तिमा भनेका छन्,'उखु किसानलाई दिनुपर्ने रकम सरकारले गैरजिम्मेवार ढंगबाट रोक्नु किसानको आत्मसम्मानमाथिको प्रहार हो । अब यो परिस्थितिबाट उत्पन्न हुने सम्पूर्ण जिम्मेवारी नेपाल सरकार, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्री परिषद्को हुनेछ ।'




यसअघि १३ जिल्लाका किसानहरू भदौ ८ गतेदेखि काठमाडौंको माइतीघर मण्डलामा धर्ना तथा विरोध कार्यक्रम सञ्चालन गर्दै आएका थिए । कृषि मन्त्रीसहितको सरकारी टोलीसँग तीन चरणसम्म वार्ता भए पनि कुनै निष्कर्षमा नपुगेपछि आन्दोलनलाई अझ सशक्त बनाउने निर्णय गरिएको महासंघले जनाएको छ ।

महासंघले सरकारले 'रातो किताब'मा नै समावेश गरेर सदनमार्फत पारित गरिसकेको २ अर्ब रुपैयाँ अनुदान रकम तत्काल बिना सर्त भुक्तानी गर्नुपर्ने र आगामी दिनमा उखुको मूल्य तोक्दा किसान प्रतिनिधिको अनिवार्य सहभागिता सुनिश्चित गर्नुपर्ने माग अघि सारेको छ ।

त्यस्तै, आन्दोलनलाई साथ-सहयोग गर्ने किसानप्रेमी जनसमुदाय, विभिन्न राजनीतिक दलका नेताहरू, पूर्वप्रधानमन्त्रीहरू तथा राष्ट्रिय-स्थानीय पत्रकार हरूलाई धन्यवाद दिँदै महासंघले सबैलाई आन्दोलनलाई अझ सशक्त बनाउन पहल गर्न अपिल गरेको छ ।

# लैंगिक हिंसाविरुद्ध जनचेतना अभियान सुरु



**धर्मेन्द्र कुमार साह/मध्यान्ह**
रौतहट, १४ भदौ

रौतहटको चन्द्रपुर नगरपालिका क्षेत्रमा किशोरी समूहहरुले लैंगिक हिंसाविरुद्ध जनचेतना अभियान सुरु गरेका छन् । समुदाय स्तरमा बढ्दै गएको लैंगिक हिंसा समस्यालाई मध्यनजर गर्दै किशोरी समूहहरुले यस अभियानको शुरुवात गरेका हुन् ।

यस्तै चन्द्रपुर नगरपालिकाको विभिन्न वडाहरूमा स्थापित सामुदायिक सिकाई र संरक्षण केन्द्रहरूले अभियान सुरु गरेका छन् । केन्द्र संचालन गर्ने रजनी राईका अनुसार उक्त अभियानमा विशेष ध्यान समुदायमा लैंगिक हिंसाका असर र प्रभावको बारेमा जनचेतना फैलाउने कार्य गरिनेछ ।

यसै क्रममा, चन्द्रपुर नगरपालिका वडा नं. ८ स्थित उज्यालो सामुदायिक सिकाई केन्द्र र शुभबिहानी सिकाई केन्द्रको नेतृत्वमा बस्तिपुरमा एक फोटो ग्यालरी प्रदर्शनी कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमको मुख्य उद्देश्य बालविवाह न्यूनीकरण र लैंगिक हिंसा सम्बन्धी जनचेतना जगाउनु रहेको छ ।

सहजकर्ता रमिता रामका अनुसार प्रदर्शनीमा लैंगिक हिंसाका सांकेतिक तस्बिरहरू तयार गरी चौकमा प्रदर्शनी राखिएको थियो । यस कार्यक्रममा कम्तिमा २०० जना स्थानीय महिला र पुरुषलाई लैंगिक हिंसाका प्रभाव र यसको रोकथामका बारेमा जानकारी गराइएको छ ।

यस प्रदर्शनी कार्यक्रमको आयोजनामा इस्लामिक रिलिफ नेपाल र ग्रामीण विकास केन्द्र नेपालले सहकार्य गरेका छन् । यस कार्यक्रमको उद्देश्य स्थानीय समुदायमा लैंगिक हिंसा विरुद्ध जागरूकता र शिक्षा प्रदान गर्नु रहेको आयोजकहरूले बताए ।

# वैदिक मित्र मिलन समाज चितवनले क्रियापुत्री भवन बनाउँदै

**चितवन/मस-** वैदिक मित्र मिलन समाज चितवनको तेस्रो साधारण सभा सम्पन्न भएको छ । समाजकी अध्यक्ष नानिमैया शर्माको अध्यक्षता र सांसद एवं पूर्वमन्त्री विक्रम पाण्डेको प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो ।

विशिष्ट अतिथिहरूमा प्रदेश सांसद ज्ञानजङ लामा, जनप्रतिनिधि श्रीकृष्ण देवकोटा, बागमती प्रदेशका पूर्व सांसद रिना गुरुङलगायत विभिन्न संघसंस्थाका अध्यक्ष एवं प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।




वैदिक मित्र मिलन समाजले ८० वर्ष उमेर कटेका जेष्ठ नागरिकहरूलाई अभिनन्दनसमेत गरेको थियो । तेस्रो साधारण सभाको प्रतिवेदन सार्वजनिक गर्दै अध्यक्ष शर्माले करिव दुई करोड लागतमा निर्माण गरिने क्रियापुत्री भवनको खर्च संघीय सांसद पाण्डेसमक्ष प्रस्तुत गरेकी छन् ।

सांसद पाण्डेले वैदिक मित्र मिलन समाजले लिएको उद्देश्य पवित्र र आवश्यक रहेको बताउदै आफ्नो तर्फबाट केन्द्र र प्रदेशमा यो बारे छलफलसहित आर्थिक सहयोगमा पूर्ण साथ र सहयोग गर्ने प्रतिबद्धता व्यक्त्त गरे । कार्यक्रमको सहजीकरण संस्थाका वरिष्ठ सल्लाहकार धर्मेन्द्र शर्माले गरेका थिए ।

# नवलपरासीमा भूमि विधेयकविरुद्ध प्रदर्शन




**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, १४ भदौ

संघीय लोकतान्त्रिक मोर्चा नवलपरासीले भूमि विधेयक खारेजको माग गर्दै शनिबार परासीमा विरोध प्रदर्शन गरेको छ । भूमि र वन बचाऔं, तराई-मधेशलाई मरुभूमिकरण हुनबाट जोगाऔं' भन्ने नारासहितको विरोध कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको व्यापक सहभागिता रहेको थियो ।

मोर्चाले आयोजना गरेको उक्त प्रदर्शनमा लोकतान्त्रिक समाजवादी पार्टी (लोजाप), जनता समाजवादी पार्टी (जसपा),जनता प्रगतिशील पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी लगायतका दलका नेता-कार्यकर्ता सडकमा उत्रिएका थिए । प्रदर्शनकारीहरूले 'भूमि विधेयक फिर्ता गर', 'किसानको अधिकार खोस्न पाइँदैन' जस्ता प्लेकार्डसहित नाराबाजी गरेका थिए ।

विरोधसभामा सम्बोधन गर्ने नेताहरूले भने 'यो विधेयकले तराई-मधेसलाई मरुभूमि बनाउनेछ, सरकारले कमिसन पाउनेछ, भूमाफियाले फाइदा लिनेछ, तर जनता मात्र कंगाल बन्नेछन् । त्यसैले विधेयक तत्काल खारेज हुनुपर्छ ।' नेताहरूले भूमि विधेयक किसान र सर्वसाधारणको हितविपरीत रहेको आरोप लगाउँदै सरकारलाई तत्काल खारेज नगरे कठोर आन्दोलनमा जाने चेतावनी दिएका थिए । उनीहरूका अनुसार विधेयक कार्यान्वयन भएमा तराई-मधेशको उर्वरभूमि मरुभूमिकरणतर्फ धकेलिने, वन संहार हुने र स्थानीय जनताको हक अधिकार खोसिने जस्ता गम्भीर समस्या आउनेछन् ।

सयौंको सहभागिता रहेको प्रदर्शन परासी बजारका विभिन्न सडक परिक्रमा गरी बुद्धचोकमा सभामा परिणत भएको थियो ।

STAFF REQUIREMENTS
WE'RE HIRING
- PUBLIC RELATION OFFICER -2 (M.F.)
- RECEPTIONIST -2 (F.)
• Experienced in related fields
• Must have knowledge of operating computers and speaking English
9841461232
9709139159
9849964370
Send us your CV:
info@eminencenepal.com
EMINENCE Recruitment International Pvt Ltd
Bhimsengola-31, Prayagmarg, Kathmandu

मध्यान्ह
www.madhyanhadaily.com
१५ भदौ २०८२ आइतबार
31 August 2025 Sunday

## सम्पादकीय

# भूमिका देखाउँदै राष्ट्रिय सभा

नेपालमा संघीय संरचनामा दुई सदनात्मक व्यवस्थापिका अभ्यासमा छ । संविधानको धारा ८३ ले संघीय संसदको तल्लो सदनलाई प्रतिनिधि सभा र माथिल्लो सदनलाई राष्ट्रिय सभाको नाम दिइएको छ । प्रतिनिधि सभामा जनताबाट प्रत्यक्ष निर्वाचित र दलले छानेका समानुपातिक सांसद रहन्छन् । राष्ट्रिय सभामा स्थानीय तहका प्रमुख र उपप्रमुख तथा प्रदेश सभा सदस्यले निर्वाचित गरेका सांसद रहन्छन् । दुई सदनात्मक अभ्यासको विषयमा बेलाबेला प्रश्न उठ्छ । तर, कतिपय बेला यो आवश्यक थियो भन्ने पनि देखिन्छ । पछिल्लो उदाहरण हो– संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा भएको त्रुटि सच्याउने निर्णय । प्रतिनिधि सभाले निजामती सेवा विधेयक पास गरिसकेपछि त्रुटि भएको भनेर प्रश्न उठेको थियो । त्यसपछि गठित संसदीय विशेष समितिले गम्भीर त्रुटि भएको निष्कर्ष निकालेको थियो । प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले सरकारी कर्मचारीका लागि राजीनामा दिएपछि वा अवकाश पाएपछि दुई वर्षसम्म सरकारी, संवैधानिक, कूटनीतिक र अन्य नियुक्ति लिन नपाउने सहमति गरेको थियो । तर यो प्रावधान निष्क्रिय हुने भाषा विधेयकको प्रतिवेदनमा परेपछि प्रश्न उठेको थियो । त्यस्तो प्रश्नको निरूपण राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले गरेको छ । प्रतिनिधि सभामा भएको त्रुटि सच्याएर सरकारी कर्मचारीका लागि अवकाशपछि दुई वर्ष कुलिङ अफ पिरियडको प्रावधान लागू गर्ने निर्णय गरेको छ ।

राष्ट्रिय सभाले पछिल्लो समय केही मानक स्थापित गरेका छन् । समयमै सभाको बैठक चलाउने अभ्यासमा राष्ट्रिय सभा छ । जुनबेला समय तोकिएको हो सोही समयमा जनाउ घण्टी बज्छ । सभामा सांसदले जुन दिन बोलेका हुन् त्यही दिन शब्दमा उतारेर वेबसाइटमा राख्छ । छुट्टाछुट्टै भिडियो वेबसाइटमा अपलोड हुन्छ । राष्ट्रिय सभाअन्तर्गतका विषयगत समितिले कानुन कार्यान्वयनको मापनसमेत सुरू गरेका छन् । सभामा प्रादेशिक समय चलाउनेलगायतका मौलिक अभ्याससमेत गर्दै आएको छ ।

राष्ट्रिय सभाको भूमिका नै प्रतिनिधिसभालाई चेक गर्ने खालको छ । सरकार बनाउन राष्ट्रिय सभा सदस्यको भूमिका छैन । कानुन निर्माणमा पनि प्रतिनिधि सभालाई समयको पावन्दी छैन । तर प्रतिनिधि सभाबाट पास भएर गएको विधेयक राष्ट्रिय सभाले ६० दिनभित्र पास गरिसक्नुपर्छ । अर्थात् प्रतिनिधि सभाले कानुन निर्माणमा केही गलत गरेको छ कि भनेर राष्ट्रिय सभाले हेर्छ । यस्तोमा राष्ट्रिय सभाले गर्दै आएको कार्यले यसको औचित्य स्थापित गर्दै लगेको छ । तथापि यो सभा अझै सक्रिय हुनुपर्नेछ । यसका निम्ति यो सभामा लगिने पात्रको विषयमा राजनीतिक दलहरू पनि थप गम्भीर बन्नुपर्छ ।

# छिमेक सम्बन्धमा नेपाल

अग्रलेख



● चन्द्रबहादुर बस्याल

नेपाल एउटा सानो भू-भागमा फैलिएको भए पनि यसको भूराजनीतिक महत्व निकै ठूलो छ । हिमालयको काखमा बसेको नेपाल उत्तरमा चीन र दक्षिण, पूर्व, पश्चिमतिर भारतले घेरेको छ । विश्व नक्सामा हेर्दा, नेपाल एक मध्यम आकारको मुलुक जस्तो देखिए पनि अन्तर्राष्ट्रिय राजनीतिका धेरै दृष्टिकोणमा यसलाई महत्वपूर्ण मानिन्छ । यसको मुख्य कारण भनेकै छिमेकसँगको सम्बन्ध हो । नेपालका दुई छिमेकी मुलुकहरू भारत र चीन मात्र नभई अन्य मुलुकहरूसँग पनि विभिन्न तहमा सम्पर्क, सहयोग र कूटनीतिक सम्बन्ध रहेका छन् । तर, प्रत्यक्षरूपमा प्रभाव पार्ने भनेका यी दुई विशाल छिमेकी नै हुन् ।



नेपाल-भारत सम्बन्धको चर्चा गर्दा सन्दर्भको गहिराइमा पुग्नैपर्छ । नेपालको राजनीतिक, आर्थिक र सांस्कृतिक जीवनमा भारतसँगको सम्बन्ध गहिरो छ । दुई देशबीचको नाका खुला छ, जसले गर्दा मानिसहरू स्वतन्त्र रूपमा एकअर्काको भूमिमा आवागमन गर्छन् । भारत व्यापार, रोजगार, शिक्षा, उपचार, पर्यटन जस्ता क्षेत्रमा नेपालको मुख्य सहारा रहँदै आएको छ । तर, यही नजिकको सम्बन्धले कतिपय विवाद र असमझदारी पनि जन्माएको छ । सीमा विवाद, नाकाबन्दी, राजनीतिक हस्तक्षेपको आरोपजस्ता घटनाले नेपाल-भारत सम्बन्ध कहिले काहीँ असहज पनि बनाएको छ । भारतले नेपाललाई आफ्ना रणनीतिक हितअनुरूप हेर्ने प्रवृत्तिले नेपाली जनमानसमा असन्तोष उत्पन्न हुने गरेको छ । तर, यसको अर्को पक्ष हेर्दा, भारत नेपालका लागि ठूलो अवसर पनि हो । विशाल बजार, लगानीको सम्भावना, पूर्वाधार विकासमा सहयोग, ऊर्जा व्यापार र सांस्कृतिक आदानप्रदान यी सबै कुराले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन सक्छ ।

चीनसँगको सम्बन्ध हेर्दा, नेपालले विगत केही दशकयता धेरै प्रगति गरेको देखिन्छ । चीनसँग नेपालको सीमा हिमालले छुट्याएको छ तर व्यापार र राजनीतिक सम्बन्ध झन् विस्तार हुँदै गएका छन् । बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) जस्ता परियोजनाले चीन-नेपाल सम्बन्धलाई नयाँ आयाम दिएको छ । चीनले नेपालमा पूर्वाधार, ऊर्जा र यातायात क्षेत्रमा सहयोग बढाउँदै आएको छ । साथै, चीनले नेपाललाई सार्वभौमिकतामा अडिग रहन सघाउने दृष्टिकोण देखाएको छ । भारतसँगको असहज सम्बन्धका बेला नेपालले चीनलाई सन्तुलनकारी साझेदारको रूपमा प्रयोग गर्ने गरेको अनुभव छ । तर चीनसँगको सम्बन्ध पनि नेपालका लागि चुनौतीविहीन छैन । भौगोलिक कठिनाइ, यातायात अवरोध, व्यापार घाटाजस्ता समस्या अझै विद्यमान छन् । त्यसैले चीनसँगको सम्बन्धलाई अवसरमा परिणत गर्न नेपालले दीर्घकालीन रणनीति बनाउनैपर्छ ।

नेपालको छिमेक सम्बन्धलाई केवल भारत र चीनमा सीमित गरेर हेर्नु अपूरो हुन्छ । नेपालले बंगलादेशसँग पनि ऊर्जा व्यापार र यातायात पहुँचका क्षेत्रमा सम्बन्ध विस्तार गर्न थालेको छ । विशेषगरी जलविद्युत निर्यातमा बंगलादेश नेपालका लागि सम्भावनायुक्त साझेदार हो । पाकिस्तान, श्रीलंका, भूटान जस्ता दक्षिण एसियाली मुलुकहरूसँग पनि नेपालले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)मार्फत सहकार्य गर्दै आएको छ । यद्यपि, सार्क आफैंले प्रभावकारी रूपमा काम गर्न नसकेको अवस्थामा नेपालले यस्ता छिमेकी मुलुकहरूसँग द्विपक्षीय तथा बहुपक्षीय सम्बन्धलाई मजबुत बनाउनुपर्ने देखिन्छ ।

छिमेकसँग सम्बन्ध राख्दा नेपालको प्रमुख चुनौती भनेको सन्तुलन कायम गर्नु हो । भारत र चीन दुवै मुलुक विश्व शक्तिका रूपमा उदाउँदै छन् । उनीहरूबीचको प्रतिस्पर्धा नेपालमा पनि प्रत्यक्ष अप्रत्यक्ष असर पार्छ । नेपालले कुनै एकतर्फी झुकाव राख्दा अर्को मुलुक असन्तुष्ट हुने सम्भावना रहन्छ । यसैले नेपालले 'सन्तुलित विदेश नीति' अपनाउनुपर्ने हुन्छ । इतिहासमै हेर्दा पनि नेपालले तटस्थता, असंलग्नता र सार्वभौमिक समानताको सिद्धान्तलाई आधार बनाएर अघि बढेको छ । तर, व्यवहारमा भने नेपाली राजनीतिले कहिले काँही एक छिमेकीलाई सन्तुष्ट पार्दा अर्को छिमेकीसँग असहज हुने अवस्था बनाएको छ । यसरी दोहोरो दबाबको बीचमा नेपालले आफ्नो राष्ट्रिय हित सुरक्षित राख्न कठिनाइ भोग्दै आएको छ ।

छिमेकसँगको सम्बन्धले नेपालका आन्तरिक नीतिमा पनि प्रभाव पार्छ । राजनीतिक दलहरूको दृष्टिकोण, नीति निर्माण, विकास आयोजना र अन्तर्राष्ट्रिय सम्झौतामा छिमेकीको प्रत्यक्ष वा अप्रत्यक्ष दबाब महसुस हुन्छ । कतिपय अवस्थामा छिमेकीहरूसँगको सम्बन्धलाई आन्तरिक राजनीति गर्ने साधनको रूपमा प्रयोग गरिन्छ । जसले गर्दा राष्ट्रिय स्वार्थभन्दा दलगत स्वार्थ प्रमुख हुने अवस्था देखा पर्छ । यस्तो प्रवृत्ति दीर्घकालीन रूपमा नेपालका लागि घातक हुनसक्छ । त्यसैले छिमेकीसँगको सम्बन्धलाई सुदृढ बनाउन आन्तरिक राजनीतिक सहमति र राष्ट्रिय एकता अपरिहार्य हुन्छ ।

आर्थिक दृष्टिले नेपालले छिमेकीहरूसँगको सम्बन्धलाई अझै व्यवहारिक बनाउनुपर्ने आवश्यकता छ । नेपालसँग जलस्रोत, पर्यटन, कृषि, औषधिजन्य उत्पादन जस्ता क्षेत्रका अवसर छन् । यी अवसरलाई छिमेकीहरूसँगको सहकार्यबाट ठूलो फाइदामा परिणत गर्न सकिन्छ । उदाहरणका लागि, भारत र चीन दुबै मुलुकमा ऊर्जा माग बढ्दो छ । नेपालले आफ्नो जलविद्युतलाई निर्यात गर्न सक्ने हो भने यो सम्बन्धलाई आर्थिक साझेदारीमा परिणत गर्न सकिन्छ । त्यस्तै, हिमाल र संस्कृति हेर्न आउने पर्यटनलाई भारत र चीन दुवै मुलुकबाट बढाउन सकिन्छ । नेपालका उत्पादनलाई छिमेकी बजारमा पुर्‍याउन सक्ने हो भने रोजगारी र अर्थतन्त्रलाई बल मिल्छ । तर यसका लागि आवश्यक पूर्वाधार, स्थिर नीति र कूटनीतिक कौशल अनिवार्य हुन्छ ।

*नीतिमा नेपाल तटस्थता, असंलग्नता र सार्वभौमिक समानताको सिद्धान्तलाई आधार बनाएर अघि बढेको छ, तर व्यवहारमा भने कहिले काँही एक छिमेकीलाई सन्तुष्ट पार्दा अर्को छिमेकीसँग असहज हुने अवस्था बनाएको पनि पाइन्छ । यसरी दोहोरो दबाबको बीचमा नेपालले आफ्नो राष्ट्रिय हित सुरक्षित राख्न कठिनाइ भोग्दै आएको छ...*

संस्कृति र जनस्तरको सम्बन्ध पनि छिमेकसँग जोडिएको अर्को महत्वपूर्ण पक्ष हो । भारतसँग नेपालको भाषा, धर्म, संस्कारमा धेरै समानता छ । विवाह, व्यापार, सांस्कृतिक आदानप्रदान सहज रूपमा हुन्छ । चीनसँगको सम्बन्ध भने संस्कृतिगत दृष्टिले फरक भए पनि तिब्बतमार्फत लामो समयदेखि ऐतिहासिक सम्बन्ध रहेको छ । बुद्धको जन्मस्थल नेपालमा भएको कारण चीनसँगको सम्बन्धलाई पनि आध्यात्मिक तहमा जोड्न सकिन्छ । यी सांस्कृतिक र ऐतिहासिक सम्बन्धलाई कूटनीतिक रूपमा उपयोग गर्न सकिने अवस्था छ ।

छिमेकसँगको सम्बन्ध नेपालको लागि जीवनरेखा जस्तै हो । नेपालको भूराजनीतिक अवस्था यस्तो छ कि यहाँको अस्तित्व र समृद्धि छिमेकसँगको सन्तुलित र सकारात्मक सम्बन्धमा निर्भर छ । भारतसँगको खुला सीमा र आर्थिक अवसर, चीनसँगको पूर्वाधार र व्यापारिक सम्भावना, बंगलादेशसँगको ऊर्जा सहकार्य, तथा दक्षिण एसियाली छिमेकीहरूसँगको क्षेत्रीय सहकार्यलाई सदुपयोग गर्न सके नेपालले आफ्नो विकासको बाटो पहिल्याउन सक्छ । तर यसका लागि आन्तरिक राजनीतिक स्थिरता, राष्ट्रिय हितमा आधारित विदेश नीति र कुशल कूटनीति अपरिहार्य हुन्छ । नेपालले आफ्नो छिमेकीसँग मित्रवत सम्बन्ध राख्दै, असमानता वा हस्तक्षेपविहीन सहकार्यमा जोड दिन सके मात्र आफ्नो सार्वभौमिकता जोगाएर समृद्ध राष्ट्रतर्फ अघि बढ्न सक्छ ।

## इतिहासमा आज

३१ अगस्ट २०१६ मा ब्राजिलकी राष्ट्रपति डिल्मा रूसेफलाई महाभियोग लगाइयो र पदबाट हटाइयो । ब्राजिलको बजेट कानून तोडेकोमा दोषी ठहर गर्दै महाभियोग लगाइएको थियो ।



३१ अगस्ट २००५ मा इराकको राजधानी बगदाद स्थित अल-ऐमा पुलमा भागदौड मच्चिँदा ९ सय ५३ जनाको मृत्यु भएको थियो । मानिसहरूको एक आत्मघाती बमवर्षक भित्रिएको हल्लापछि भागदौड मच्चिएको थियो ।



२९ अगस्ट २०१२ मा सिचुआन प्रान्तको पान्झिहुआमा अवस्थित सियाओजियावान कोइला खानीमा विस्फोट हुँदा ४७ जना चिनियाँ खानी कामदार मारिएका थिए ।



३१ अगस्ट १९९७ मा फ्रान्सको पेरिसमा कार दुर्घटना हुँदा वेल्सकी राजकुमारी डायना, उनकी साथी डोडी फयद र चालक हेनरी पलको मृत्यु भएको थियो ।



## सामाजिक सञ्जाल



**गोकुल बास्कोटा**

अरू कराएको पनि ठिकै लाग्छ । तर, चुनाव जित्न कि त कार्यकर्ताको पीडाको व्यापार कि त अर्केको वैशाखी चाहिने, अन्तिममा त्यही पनि पार नलागेपछि समानुपातिकमा सूचीकृत भई आएका र पूर्व बुकिङ गर्न कुद्नेले 'बहुमत बहुमत' भनेर बरबराएको चाहीँ वाक्कै लाग्न थालो । २०८४पछि धर्ती नै सकिने र चुनावै नहुने जस्तो ।



**सूर्यराज आचार्य**

नेपालमा शिक्षा र स्वास्थ्य क्षेत्रलाई नाफामुखी व्यवसायका लागि खुला गर्ने नीति अपनाउँदा, त्यसले भविष्यमा पार्न सक्ने प्रभावबारे के-कस्ता अध्ययन, अनुसन्धान र विश्लेषणहरू गरिएका थिए ? यससम्बन्धी कुनै अभिलेख/दस्तावेज उपलब्ध छन् होला ?



**सुजन पण्डित**

दुनियाँ हाँस्ने कुरा किन गर्दा हुन् प्रचण्ड ? रास्वपा बचाउनु पर्ने भएको होइन, खासमा उनी आफूलाई बचाउन रवि र रास्वपाको यति धेरै पक्ष लिइरहेका छन् । रविको पछि लागेरै उनी आफू र छोरीको सिट सुरक्षित पार्न चाहन्छन् । यति नबुझ्ने अहिलेको जमानामा को होला ?



**शोभा कटुवाल**

देश दलले बनाउने होइन, नीतिले बनाउने हो । जनताको जीवनस्तरमा सुधार पार्टीले गर्ने होइन, पद्धतिले गर्ने हो । देशको हरेक निर्णय सात जना नेताले गर्ने होइन, जनताको राय सुझावले गर्ने हो । स्वेच्छाचारी र दम्भ देखाई रह्यो भने शेख हसिनाले कति नमिठोसँग सत्ताबाट बहिर्गमन हुनुपर्‍यो ! नभुलौं ।

# जनवाद : अवधारणा, चुनौती र अभ्यास

विचार



● नारायण शर्मा

*जनवाद र केन्द्रीयता सन्तुलित रूपमा प्रयोग हुनुपर्छ । अधिकार भोग्दा कर्तव्य नबिर्सनु पर्ने र अनुशासन पालना गर्दा स्वतन्त्रतालाई दबाउन नहुने नीति निकै महत्वपूर्ण हुन्छ । नत्र, अधिकार र कर्तव्यबीच असन्तुलनले विद्रोह र प्रतिरोधको परिस्थिति निम्त्याउँछ...*

'छलफल र अभिव्यक्तिमा स्वतन्त्रता, तर कार्य-व्यवहारमा एकरूपता'- यही कम्युनिस्ट पार्टी, संगठन र राज्यव्यवस्थाको आधारभूत मान्यता हो । विशेषतः लेनिनवादी संगठनात्मक सिद्धान्त जनवादी केन्द्रीयताको यही मूल मर्म हो, जसको दीर्घकालीन, व्यापक र बहुआयामिक महत्व छ । जनवाद (डेमोक्रेसी) आधुनिक पुँजीवादी वा समाजवादी लोकतान्त्रिक पार्टी, समाज र राज्यको जीवन-रेखा हो । कुनै पनि शक्ति, संस्था, संगठन वा राज्यव्यवस्थाको सञ्चालनका लागि जनवाद अपरिहार्य सिद्धान्त हो । स्वतन्त्रता, समानता, न्याय, मानवता, विश्वबंधुत्व, भ्रातृत्व, क्रान्ति, मुक्ति, प्रगति र समृद्धि – यी सबै मूल्यहरू यससँग अविच्छिन्नरूपमा सम्बन्धित छन् ।

जनवादलाई प्रयोग गर्ने तरिका परिस्थिति र व्यवस्थाको आवश्यकताअनुसार आन्तरिक वा बाह्य, गोप्य वा खुला, व्यक्तिगत वा सामूहिक, संस्थागत वा सार्वजनिक रूपमै हुन सक्छ । तर, यसको प्रयोग सधैं औचित्यपूर्ण र न्यायोचित हुनुपर्छ । सत्तामा रहँदा तत्कालीन डबल नेपाल कम्युनिस्ट पार्टीले जनवादसम्बन्धी गरेको निर्णय विशेष चासोको विषय रह्यो । प्रचण्डको अध्यक्षतामा बसेको ऐतिहासिक बैठकले पार्टी सर्कुलरमार्फत निर्देश जारी गर्दै भनेको थियो- पार्टी नीति वा नेतृत्वसम्बन्धी असहमति, आलोचना वा विरोध भएमा पार्टी विधानअनुसार प्रस्तुत गर्न सकिनेछ । तर, यस्ता कुरा सार्वजनिक रूपमा प्रकट गर्न पाइने छैन । पार्टीको नीति वा नेतृत्वविरुद्ध लेख्ने, बोल्ने वा क्रियाकलाप गर्नेहरूसँग स्पष्टीकरण सोधिनेछ र विधानअनुसार कारबाही अघि बढाइनेछ ।

यो निर्णय ल्याइएको समय शक्तिशाली केपी शर्मा ओली सरकार मिडिया काउन्सिल विधेयक, सेना परिचालन विधेयक, राष्ट्रिय मानव अधिकार आयोग विधेयकलगायतका विवादास्पद प्रस्तावहरू अघि सारिरहेको थियो । त्यतिबेला सरकारले राष्ट्रिय अनुसन्धान विभाग, ठूला आयोजना र संवेदनशील जिम्मेवारीहरू प्रधानमन्त्री मातहत ल्याउने काम गरिरहेको थियो । यसरी हेर्दा, जनवादको प्रश्न झनै संवेदनशील बनेको देखिन्छ ।

आज कम्यनिस्ट पार्टी, आन्दोलन, समाज र राज्य सबैमा अराजकता, उच्छृङ्खलता, अनुशासनहीनता र गैरजिम्मेवारी बढ्दो छ । यस्तो अवस्थामा नियन्त्रण र व्यवस्थापन आवश्यक छ, तर त्यसका लागि अपनाइने विधि नै निर्णायक हुन्छ । पार्टी विधानमा 'स्पष्टीकरण र कारबाही' को व्यवस्था छ भने पनि त्यसलाई आधिकारिक निर्णय-प्रक्रियामार्फत, छलफल र अनुमोदनका आधारमा मात्र प्रयोग गर्न सकिन्छ । नत्र त्यसको वैधानिकता, प्रभावकारिता र मान्यता प्रश्नमा पर्छ । कारबाही नै समस्या समाधानको वैज्ञानिक वा दीर्घकालीन उपाय होइन । माओवादी सिद्धान्तमा भनिएझैं 'रोगलाई सिद्धाउने, तर रोगीलाई बचाउने' नीति नै उचित ठहरिन्छ ।

अर्को पक्ष, जनवाद र केन्द्रीयता सन्तुलित रूपमा प्रयोग हुनुपर्छ । अधिकार भोग्दा कर्तव्य नबिर्सनु पर्ने र अनुशासन पालना गर्दा स्वतन्त्रतालाई दबाउन नहुने नीति निकै महत्वपूर्ण हुन्छ । नत्र, अधिकार र कर्तव्यबीच असन्तुलनले विद्रोह र प्रतिरोधको परिस्थिति निम्त्याउँछ । पार्टी नेतृत्वका अहंकारी अभिव्यक्ति, हचुवा निर्णय र हस्तक्षेपहरूका कारण धेरै इमान्दार कार्यकर्ताले पीडा व्यहोर्नुपरेको छ । असहमति वा विरोधलाई निषेध गरिँदा अन्ततः पार्टीभित्रै प्रतिरोध र विस्फोटको सम्भावना नकार्न सकिँदैन । यस परिस्थितिमा जनवादको अभ्यास भनेको विमति र आलोचना रोक्नु होइन, बरु छलफल, सरसल्लाह, अनुसन्धान र पारदर्शिताबाट सत्यतिर अघि बढ्नु हो । देश र जनताको हितलाई प्राथमिकता दिनु, शोषित-पीडितको पक्षमा उभिनु, र न्यायपूर्ण प्रक्रिया अवलम्बन गर्नु नै यसको सही अभ्यास हो । यदि सत्तामा हुँदा अनुशासन र दमनलाई प्राथमिकता दिइयो, तर विपक्षमा हुँदा जनवादको नारा मात्र लगाइयो भने त्यो जनवाद होइन, मनवाद वा धनवाद मात्र हुन्छ । यस्तो प्रवृत्तिले समाजवाद वा साम्यवादतर्फ होइन, निराशा र भ्रमको जालतर्फ मात्र डोर्‍याउँछ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.



नेपालको कर्णाली प्रदेशको पहिचान अरुभन्दा भिन्न छ । कर्णालीका समस्या संघीय सरकारबाट कमै प्राथमिकतामा पर्दछन् । तर, प्रदेश सरकारले आफ्नो क्षेत्रका समस्याहरु समाधानका लागी निरन्तर काम गरेको दाबी गरेको छ । यस क्षेत्रमा सामाजिक समस्याका विषय त्यतिकै पेचिला छन् । अझै पनि सामाजिक विभेद, कुरीति, कुसंस्कार हटेको छैन । संरचनागत रूपबाट सामाजिक सशक्तीकरण र प्रवर्धनका क्षेत्रमा परिणाममुखी काम हुन सकेको छैन । भौगोलिक विकटता, आर्थिक अभाव र सचेतनाको कमी यस प्रदेशले अझै भोगेकै छ । स्वास्थ्य शिक्षा, महिला शसक्तिकरण, सामाजिक विभेद, कुरीति, कुसंस्कार हटाउने लगायतका कार्यमा कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले कस्ता योजना अघि सारेको छ ? यीनै सन्दर्भमा रहेर कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री **घनश्याम भण्डारी**सँग मध्यान्ह दैनिकका लागी **जीवन शर्मा**ले गरेको कुराकानीको संम्पादित अंश :

# नीतिगत सुधार हाम्रो प्राथमिकता

**घनश्याम भण्डारी**, मन्त्री, सामाजिक विकास, कर्णाली प्रदेश

**मन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको एक वर्षको अनुभव कस्तो रह्यो ?**

हो, कर्णाली प्रदेशको सामाजिक विकासमन्त्रीको जिम्मेवारी लिएर आएको एक वर्ष पूरा भएको छ । २०८२ साउन २० गते एक वर्ष पूरा भएर यति समय नाघिसकेको छ। यसबीचमा हामीले जनतालाई केही प्रतिबद्धता व्यक्त गरेका थियौं । तीमध्ये केही प्रतिबद्धताहरू पूरा गर्न सकिएको छ भने केही प्रतिबद्धता अझै पनि पूरा हुन सकेका छैनन् ।

राजनीतिक स्थिरता, सुशासन र समृद्धिका लागि भनेर संसदका सबैभन्दा ठुला दल कांग्रेस र एमालेबीचको सत्ता सहकार्य भएको छ। संघदेखि प्रदेश सरकारसम्म नै कांग्रेस एमाले मिलेर सरकार बनेको छ। यसले गर्दा केही निर्णय लिन दुवै दलको सहमति आवश्यक पर्छ । त्यस कारण पनि केही अप्ठ्यारा स्वाभाविक छन् । तथापि प्रदेशका मुख्यमन्त्रीको समन्वय र सहकार्यमा उहाँको निर्देशनअनुसार मन्त्रालयले गर्नुपर्ने काम भइरहेका छन् । म यो मन्त्रालयमा आर्थिक वर्ष २०८१/८२ को प्रारम्भदेखि नै जिम्मेवारीलाई सम्हाल्दै आएको छु। यस अवधिमा मन्त्रालयले केही असल अभ्यास र रचनात्मक काम सुरु गरेको छ। यसबाट प्राप्त नतिजालाई मन्त्रालयले उपलब्धिका रूपमा लिएर काम गर्दै आएको छु । मन्त्री भएको पहिलो अनुभव धेरै काम गर्न सकिन्छ भन्ने लाग्थ्यो तर बाहिर बसेर भनेअनुसार काम गर्न कठिन नै रहेछ ।

**सोचेअनुसार काम गर्न सकिएन भन्नुभयो, यसका पछाडिका कारण के रहेछन् ?**

पहिलो कुरा त बजेटको अपर्याप्तता नै हो । जनताको मागअनुसार कार्यक्रम बनाएर बजेट दिने हो भने सबै मन्त्रालयको एउटैलाई दिँदा पनि अपुग होला। अर्को कुरा मन्त्रालयका निर्णय कार्यान्वयन गर्न, योजनाको काम गर्न कर्मचारीको स्थायित्व आवश्यक पर्छ । मन्त्री भएको मेरो एक वर्षको समयवधिमा तीन जना सचिवहरू फेरिइसकेका छन् । संस्थागत स्थायित्व र कार्यसम्पादनको दृष्टिले स्थायी सरकारका रूपमा चिनिएका निजामती सेवाको विशिष्ट श्रेणीका सचिवहरूको अस्थायी प्रवृत्तिको सामना गर्नुपरेको छ। यो कार्यसम्पादनका दृष्टिकोणले अत्यन्तै समस्याको विषय बन्ने रहेछ। छोटो समयमा कर्मचारी फेरबदल हुँदा नियमित कार्य सञ्चालनमा केही असहजता आएका छन् । मन्त्रालयको प्रशासनिक जिम्मेवारी बोकेको सचिव फेरबदल भइरहँदा राजनीतिक प्रशासनिक सहकार्यमा जटिलता आउनुका साथै प्रशासनिक अनिश्चितता देखिने रहेछ ।

यसबाट कार्य सम्पादनमा संरचनागत र नीतिगत व्यवस्था यसले कार्यसम्पादनका पक्षबाट हेर्दा संरचनागत नीतिगत, व्यवस्थापकीय र मनोवैज्ञानिक तहबाट समेत प्रभाव पर्ने अवस्था सिर्जना भएको छ। मेरा यी अनुभवलाई आगामी दिनमा एउटा सिकाइका रूपमा लिएर आमकर्णालीवासी जनताको पक्षमा कर्णालीको विकास र समृद्धिका पक्षमा गर्नुपर्ने कामबारे आगामी योजनागत ढंगले म लाग्नेछु। त्यसका लागि नयाँ आर्थिक वर्षको सुरुवातको चरणमै हामीले छुट्याएका बजेट नीति कार्यक्रमलाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजाने योजनासहित मातहतका जिम्मेवार निकाय र व्यक्तिलाई निर्देशन दिइसकिएको छ ।

**कर्णाली प्रदेशमा सामाजिक समस्याका विषय त्यतिकै पेचिला छन् । अझै पनि सामाजिक विभेद, कुरीति, कुसंस्कार हटेको छैन । संरचनागत रूपमा सामाजिक सशक्तीकरण र प्रवर्धनका योजना चाहिँ कसरी के कस्ता छन् ?**

यो कर्णाली प्रदेशको मात्र होइन, सिंगो मुलुकै ध्यान केन्द्रित हुने यो एउटा महत्वपूर्ण विषय हो । त्यसमा पनि कर्णाली प्रदेशमा केही समस्या थप छन्। कर्णाली प्रदेशमा ३७ दशमलव ९ प्रतिशत महिलाको १८ वर्ष देखि २० वर्षको उमेरमा विवाह गर्ने गरेको पाइएको छ। जबकि नेपालको कानुनले २० वर्ष पूरा नगरी विवाह गर्न गैरकानुनी मानेको छ । उमेरको परिपक्व नभई विवाह गर्दा व्यक्ति, परिवार र समाजमा विभिन्न किसिमका शारीरिक, मानसिक, सामाजिक र आर्थिक समस्या देखिने गरेका छन्। त्यस्तै, छाउपडी, देउकी प्रथालाई विस्तारै हटाउँदै लाने प्रयास भइरहेको छ। अहिले यो समस्या खुलेर देखिएको छैन ।

नेपालको जनगणना अनुशासन कर्णालीमा । मृत्युदर प्रतिहजार १ सय ७२ रहेको छ भने प्रतिहजार जीवित जन्ममा ३८ जना बालमृत्युदर हुने गरेको छ । यो कहालीलाग्दो अवस्था हो । उमेर नपुगी विवाह गर्दा मानिसका न्यूनतम आवश्यकता पूरा गर्नसमेत कठिन छ। यसले स्वास्थ्य र पोषणमा प्रभाव पार्ने र अन्तमा मृत्युसम्मको अवस्था पृष्ठभूमिलाई ध्यानमा राखी सामाजिक विकास मन्त्रालयले बालविवाह अन्त्यका लागि रणनीतिक योजना तयार पारेको छ। कर्णाली प्रदेशमा करिब ३५ प्रतिशत महिला घरमा नै सुत्केरी हुने गरेका छन् । विशेषगरी स्वास्थ्यकर्मीको सहयोगबिना असुरक्षित तरिकाले घरमै सुत्केरी गराउँदा आमा, बच्चा र दुवैको गम्भीर स्वास्थ्यमाथि समस्या उत्पन्न हुने गरेको छ। यसका लागि पनि सामाजिक विकास मन्त्रालयले गत आर्थिक वर्षमा विभिन्न कार्यक्रम गरेको थियो र आगामी आर्थिक वर्षमा पनि विभिन्न आर्थिक सहयोगका कार्यक्रम अघि बढाएको छ । घरमा सुत्केरी शून्य अभियान सञ्चालन गर्न ४५ लाख ५० हजार रुपैयाँ बजेट नै विनियोजन गरेर हामीले अभियानका रूपमा लैजाने कार्यक्रम तय गरेका छौं ।

हिंसामा प्रभावित महिला र बालबालिकाका लागि अल्पकालीन अल्पकालीन आश्रयसहितको जिल्ला सेवा केन्द्र व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेर मन्त्रालय लागेको छ । लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रमअन्तर्गत सुर्खेत, दैलेख र कालिकोट जिल्लामा एकद्वार संकट व्यवस्थापन केन्द्र ओसीएमसीमार्फत सेवा प्रदान गरिएको छ। यसका लागि प्रत्येक जिल्लामा दुई जना मामला व्यवस्थापक र तीन जना सामुदायिक मनोसामाजिक कार्यकर्ता परिचालन गरिएको छ ।

**मन्त्री नहुँदा कर्णालीमा उद्यमशिलता र महिला सशक्तीकरणमा पनि योगदान गर्ने तपाईंको लक्ष्य थियो, मन्त्री भइसकेपछि त्यो चाहिँ हराएको हो ?**

कर्णाली प्रदेशका ३३ प्रतिशत महिलाहरू पारिवारिक योगदानमा सहयोग पुर्‍याउँछन् । २५ प्रतिशत महिला आंशिक काम गर्छन् भने ३२ प्रतिशत महिला विभिन्न पेसा व्यवसायमा संलग्न रहेका छन् । ४१ प्रतिशत महिला औपचारिक ५८ प्रतिशत अनौपचारिक, त्यसैगरी ८२ प्रतिशत कृषि र करिब ९ प्रतिशत महिला रोजगारदाताका रूपमा कार्य गर्दै आएका आएको तथ्यांक हामीसँग छ । आर्थिक उपार्जनमा टेवा पुर्‍याउन सामाजिक विकास मन्त्रालयले महिला उद्यमी प्रोत्साहन कार्यक्रम सञ्चालन गरेको छ । यसका लागि महिला उद्यमी प्रोत्साहन पुरस्कार वितरण गर्ने गरेका छौं। त्यस्ता उद्यमी सहभागी १० जना महिलालाई पुरस्कृत गरिँदै आएको छ।

उनीहरूलाई प्रतिव्यक्ति १ लाख र सम्मानपत्रका साथ सम्मान गरेका छौं । त्यस्तै ६० जना महिला उद्यमी तथा समूहहरूलाई प्रविधि सहयोग कार्यक्रम पनि हामीले निरन्तर गर्दै आएका छौं। त्यस्तै, कर्णाली प्रदेशको महिलाको साक्षरता दर ६९ दशमलव ४ प्रतिशत छ सिपमूलक प्राविधिक शिक्षा अध्ययनका लागि छोरीबुहारी छात्रवृत्ति कार्यक्रम कार्यान्वयनमा रहेको छ । जसअन्तर्गत प्राविधिक शिक्षा अध्ययन गरिरहेका छोरीबुहारी छात्रवृत्ति कार्यक्रमका लागि ५७ लाख ५० हजार र महिला अल्पसंख्यक अपांग दलित र पिछडिएको वर्गलाई प्राविधिक शिक्षा साझेदारी कार्यक्रम भनेर ४ लाख पैसा हामीले बजेट विनियोजन गरेरै अगाडि बढेका छौं। यो मेरो प्राथमिकताको विषय पनि हो । यी कार्यक्रमले महिलाको साक्षरता दरमा उल्लेख्य वृद्धि हुने हामीले अपेक्षा गरेका छौं ।

**सामाजिक विकास मन्त्रालयले नीतिगत सुधारका चाहिँ के कस्ता काम गरेको छ ?**

कर्णाली प्रदेश सरकारले लैंगिक समानता र सामाजिक समावेशीकरण नीति २०७८ लाई व्यवस्थित गर्दै लगेको छ । त्यस्तै, प्रदेश अपांगता समन्वय समितिको कार्यविधि २०८१ र अपांगता रोकथाम तथा पुनर्स्थापना साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका २०८१ निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं । राउटे समुदायको उत्थानको पहल पनि यस मन्त्रालयले गर्दै आएको छ। राउटे समुदाय नेपालका एक घुमन्ते जीवनशैली अपनाउने आदिवासी जनजाति भएकाले उनीहरू प्रायः कर्णाली प्रदेशको दैलेख, सुर्खेत, सल्यानलगायतका पहाडी जिल्लामा वनक्षेत्रमा अस्थायी टहर हालेर बसोबास गर्दै आएका छन् । उनीहरू मुख्य जीविकोपार्जन काठका सामग्री बनाएर अन्न वा अन्य खाद्य सामग्रीसँग साट्ने र त्यही खाएर जीविका चलाइरहेका छन्। कृषि, पशुपालन र स्थायी रोजगारीमा उनीहरूको संलग्नता आजसम्म देखिएको छैन । यो समुदाय नेपालको मौलिक सांस्कृतिक सम्पदा भएकाले उनीहरूको संरक्षण र सशक्तीकरण राज्य र समाज दुवैको साझा जिम्मेवारी हो भन्ने ठानेर मन्त्रालयले काम गर्दै आएको छ । त्यसका लागि आर्थिक वर्ष २०८२/८३ मा राउटे समुदायको कोरिडोर निर्माण गर्न लागिएको छ । राउटे समन्वय समितिको अध्ययन प्रतिवेद, विभिन्न संवैधानिक आयोगको सिफारिसका आधारमा राउटहरूको विगत १० वर्षको बसोबास स्थलको नक्सांकनका आधारमा कोरिडोर निर्माण गर्ने योजना बनाएका छौं र त्यसलाई कार्यान्वयनको चरणमा छ। कर्णाली प्रदेशको राउटे नीति ल्याउने चरणमा छ ।

त्यस्तै, दलित समुदायमाथि हुने छुवाछुत तथा जातीय विभेदलगायत असमान व्यवहारलाई अन्त्य गर्दै मानवअधिकारको संरक्षण र सामाजिक न्यायका लागि समतामूलक समाजको सुनिश्चितता गर्न कर्णाली प्रदेशमा बसोबास गर्ने दलित समुदायको सशक्तीकरण र जीवनस्तर प्रवर्धन गर्न ऐन जारी गरिएको छ। ऐनमा उल्लेखित विषयलाई कार्यनयनमा लैजान मन्त्रालयले अधिकतम प्रयास सुरु गरेको छ ।

**कर्णाली प्रदेशको भाषा संस्कृति र युवा तथा खेलकुद विकासको क्षेत्रमा मन्त्रालयको योजना के छ ?**

कर्णाली प्रदेश हिमाली पहाडी र भित्री मधेसका १० वटा जिल्ला मिलेर बनेको छ । धार्मिक हिसाबले हेर्दा हिन्दु बौद्ध इसाई इस्लाम आदि धर्म मान्ने व्यक्ति यस प्रदेशमा बसोबास गर्ने गरेका छन् । २०७८ को जनगणनाअनुसार नेपालमा बोलिने १ सय २४ भाषामध्ये यस प्रदेशमा ४८ वटा भाषाहरू बोलिँदै आएका छन् यो प्रदेश नेपाली भाषाको माउ भाषा, खस भाषाको उद्‌गमस्थल पनि हो। त्यसकारणले हामीले २०८१/८२ मा कर्णाली प्रदेशका भाषा, धर्म, संस्कृति, सांगीतिक तथा सांस्कृतिक संरक्षण एवं प्रवर्धनात्मक कार्यक्रमअर्न्तगत प्रदेशका सांगीतिक लोकगीत, नृत्य तथा पाठ्य वाचनका क्षेत्रमा क्रियाशील क्रियाशील संघसंस्थालाई उनीहरूको प्रस्तावका आधारमा सामग्री खरिदका लागि सहयोग गरेका छौं। सो कार्यक्रमका लागि ८ लाख ९९ हजार १ सय ४४ रकम उपलब्ध गराएको छ।

सुर्खेत बराह क्षेत्र विकास समिति सुर्खेत, बागिनी समूह सुर्खेत, बराह क्षेत्र विकास समिति पञ्चपुरी सुर्खेत, गोरखनाथ ज्येष्ठ नागरिक मिलन केन्द्र दैलेख र एभरेस्ट क्लब दैलेखलगायतका छन्। यसैगरी, नेपाली भाषाको जननी मानिएको जुम्लालगायतका कर्णाली क्षेत्रमा बोलिने खस भाषाको संरक्षण र संवर्धनका लागि यसको शब्दकोश खसिया अखबार प्रकाशन गर्ने र शोधकर्तालाई प्रोत्साहन गर्ने कार्यसमेत हामीले गरेका छौं । प्रदेशको समग्र भाषा, धर्म, साहित्य, संस्कृति, सभ्यता आदिको संरक्षण प्रबन्धनमा प्रोत्साहनका लागि चालु आर्थिक वर्षका लागि कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक प्रदेश सभामा टेबल भई विषयगत समितिमा छलफलका लागि पठाइएको छ । प्रदेश संग्रहालय तथा अभिलेख अवलोकन कर्ताहरूको संख्यामा वृद्धि गराई आन्तरिक आम्दानी बढाउनतर्फ ध्यान केन्द्रित गरेका छौं । खेलकुदको विकासका लागि सुर्खेतमा ठुलो रंगशाला निर्माण भइसकेको छ । मन्त्रालयले स्वास्थ्य, शिक्षा, खेलकुद, सम्पदा संरक्षण, महिला सशक्तीकरणसहित कर्णालीका खास समस्यालाई प्राथमिकताका साथ काम गरिरहेको छ ।

## तरुण दल ओखलढुंगा 'क'को संयोजकमा सुजन दाहाल



**काठमाडौं/मस–** नेपाल तरूण दल ओखलढुंगा प्रदेश 'क'को संयोजकमा सुजन दाहाललाई जिम्मेवारी दिइएको छ। विगत केही वर्ष देखि खाली रहेको उक्त पदमा शनिबार उनलाई मनोनयन गरिएको हो । नेपाल तरूणदलको विधान २०१० को सातौं संशोधन २०८१ बमोजिम उनलाई जिम्मेवारी दिइएको नेपाल तरूदल ओखलढुंगाका अध्यक्ष प्रविण राईले जानकारी दिए ।

दाहालले जिल्ला अधिवेशन गराउने भुमिकामा संगठनलाई महत्वपूर्ण योगदान गर्ने अध्यक्ष राईले विश्वास गरे। नेपाल तरूण दलको आगामी महाधिवेशन मंसिरमा गर्ने गरी तालिका सार्वजनीक गरेको छ । त्यसको पूर्वतयारी अर्न्तगत तरूण दलको पूर्णकालीन सदस्यता वितारण र स्थानीय तहको अधिवेशन हुने चरणमा छ।

ओखलढुंगाका ८ वटै स्थानीय तहबाट पूर्णकालीन सदस्यता वितरण तथा नवीकरणको काम धमाधम भइरहेको तरूण दल ओखलढुंगाले जनाउको छ । सदस्यता वितरण, संगठन निर्माणकै सन्दर्भ पारेर रिक्त रहेको प्रदेशसभा क्षेत्रीय संयोजकको जिम्मेवारी पाएका नेता सुजन दाहालले आफुले पाएको जिम्मेवारीलाई इमान्दरिताकासाथ पूरा गर्ने प्रतिबद्धता जनाएका छन्।

## विपद् प्रतिकार्य पूर्वतयारी योजना कार्यशाला सम्पन्न



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १४ भदौ

बर्दियाको गेरुवा गाउँपालिकामा विपद् प्रतिकार्य पूर्वतयारी योजना अद्यावधिक कार्यशाला सम्पन्न भएको छ ।

स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण, प्रभावकारी पूर्वतयारी, तथा समन्वयपूर्ण प्रतिकार्य क्षमता विकास गर्न 'विपद पूर्वतयारी, उत्थानशिलता तथा सबलिकरण (प्रयास)' परियोजनाको सहकार्यमा कार्यशालाको आयोजना गरिएको हो।

दुई दिनसम्म सञ्चालन भएको कार्यशालामा स्थानीय तहका जनप्रतिनिधि, पालिका स्तरीय विपत व्यवस्थापन समितिका पदाधिकारी, विषयगत शाखाका प्रमुखहरु र नेपाल रेडक्रस सोसाईटी उपशाखा गेरुवा र प्रहरीको, सक्रिय सहभागिता रहेको थियो ।

कार्यशालामा सहभागीहरूले हालसम्म गाउँपालिकामा भएका विपद् जोखिमहरू, स्रोत-साधनहरूको अभाव, सामुदायिक सतर्कता र उद्धार क्षमताका विषयमा छलफल गर्दै आगामी योजना अद्यावधिक गर्न मस्यौदा तयार गरेका छन् ।

कार्यशालाबाट मस्यौदाको रुपमा तयार गरिएको मस्यौदाले पूर्णता पाएपछि आपत्कालीन अवस्थाहरूमा तत्काल र समन्वयात्मक रूपमा प्रतिकार्य गर्न पालिकालाई सहयोग पुर्‍याउने विश्वास गाउँपालिकाले लिएको छ।

## खोक्सिकका विपन्न दलितलाई घर

**भोजपुर/मस–** भोजपुरको रामप्रसादराई गाउँपालिका–८ खोक्सिकका ६ विपन्न दलित परिवारले नयाँ घर पाएका छन् । जनता आवास कार्यक्रममार्फत आर्थिक अवस्था कमजोर भएका उनीहरुलाई घर दिइएको हो ।

राज्यले निःशुल्क घर बनाइदिएपछि दैनिकी फेरिएको लाभग्राही तीर्थादेवी वि.कले बताइन् । 'गरिबीका कारण घर बनाउन सकेका थिएनौं', उनले भनिन्,'राज्यकोतर्फबाट नयाँ घर पाउँदा खुसी छु। हाम्रो पुस्तौंदेखिको पीडा अन्त्य भएको छ ।'

**Saudi मा रोजगार** | East Pioneers Transport Establishment

पूर्व स्वीकृती मिति: २०८२/५/१३ | चलानी नं. ६०२४४०९९ | LT.No.329805

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | काममा दक्ष | 1500 | ५६,२४०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ भाद्र २२ गते (7 Sept. 2025) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौमा हुनेछ ।

कसमस नेपाल ह्युम्यान रिसोर्स प्रा. लि.
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9802099984
9801199984, 9865728265, 9803269111 Email: info@cosmosnepalhr.com

**Cyprus मा रोजगार** | १. कम्पनी: Global Tree Recruitment Ltd, Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०८२।०५।११ | चलानी नं. ६०२४३९७९ | LT.No. 328519

| सि.नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु. | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 25 | स.काममा दक्ष | 400 | ६६,०६०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२. कम्पनी: Cyprus Recuritment Services Ltd., Nicosia, Cyprus

पूर्व स्वीकृती मिति २०८२।०५।११ | चलानी नं. ६०२४३९८० | LT.No. 328520

| सि.नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु. | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 25 | स.काममा दक्ष | 400 | ६६,०६०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

३. कम्पनी: E.G. Estiacyprus Private Employment Agency, Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०८२।०५।११ | चलानी नं. ६०२४३९८१ | LT.No. 328521

| सि.नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु. | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 25 | स.काममा दक्ष | 400 | ६६,०६०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

४. कम्पनी: E.G. Estiacyprus Private Employment Agency, Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०८२।०५।११ | चलानी नं. ६०२४३९८२ | LT.No. 328522

| सि.नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु. | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 25 | स.काममा दक्ष | 400 | ६६,०६०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००।- |

अन्तर्वार्ता २०८२ भाद्र २२ गते (7 Sepember, 2025) मेनपावर कार्यालय रातोपुलमा हुनेछ ।

Shalma H. R. Overseas Pvt. Ltd.
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com
Gov. Lic. No. 1111/073/74

# लुना बनिन् मिस नेपाल–२०२५

काठमाडौं/मस- मिस नेपाल २०२५ को उपाधि लुना लुइँटेलले जितेकी छन् । आयोजक संस्था 'द हिडन ट्रेजर'ले शनिबार ललितपुरको गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजना गरेको फाइनलमा २६ जना प्रतिस्पर्धीलाई पछि पार्दै उनले उपाधि चुमेकी हुन् । उनलाई पूर्वमिस नेपाल आस्मा कुमारी केसीले ताज लगाइदिएकी थिइन् ।

यसैगरी, मिस नेपाल अर्थको ताज सोनी घलेको शिरमा सजियो । उनलाई पूर्वमिस अर्थ सुमना केसीले ताज हस्तान्तरण गरिन् । मिस नेपाल इन्टरनेसनल भने उरुषा भण्डारी बनेकी छिन्, जसलाई पूर्वमिस नेपाल इन्टर नेसनल करुणा रावलले ताज पहिर्याइदिइन् ।



अन्तिम प्रतिस्पर्धामा २६ जना सुन्दरीले प्रवेश गरेका थिए । त्यसमध्ये लुना लुइँटेलले उपाधि जित्दा, सोनी घले थर्ड रनर अप तथा मिस नेपाल अर्थ घोषित भइन् भने उरूषा भण्डारी सेकेन्ड रनर अपसँगै मिस नेपाल इन्टरनेसनलको ताज पहिरिन सफल भइन् ।

मुख्य उपाधिहरुका अतिरिक्त विभिन्न सहविधामा समेत प्रतियोगीहरुले आफ्नो पहिचान बनाउन सफल भए । 'मिस ब्युटीफुल हेयर' को खिताब सइच्छा थापाले पाउँदा, 'मिस ब्युटी विथ अ पर्पस' श्रृष्टि कुमारी तामाङलाई प्रदान गरियो । स्मृति श्रेष्ठले 'मिस फेस अफ द इयर' र 'मिस फोटोजेनिक' दुवै उपाधि जितिन् भने 'मिस पपुलर च्वाइस' उरूषा भण्डारीलाई प्रदान गरिएको थियो ।

यस्तै, आरती थापा 'मिस हेल्दि स्किन', प्रज्ञिका क्षेत्री 'मिस कन्फिडेन्ट', जगदिश्वरी शाह 'मिस ग्रिन भिजिनरी', प्रियंका थापा 'मिस प्रिस्टिन', उरूषा भण्डारी 'मिस टाइमलेस इलिजेन्स', दीपशिखा नेपाल 'मिस इम्पावर्ड च्वाइस', लुना लुइँटेल 'मिस डिलाइटफुल ह्याप्पीनेस इन्टिलिजेन्ट', श्रुति महर्जन 'मिस इन्टलेक्चुअल' र निलिमा पोखरेल 'मिस वुमन विथ विंग्स' बने ।

# 'गजल, संगीत र ललितकला उत्सव' सम्पन्न

**काठमाडौं/मस–** नेपालमै पहिलो पटक 'गजल, संगीत र ललितकला उत्सव' सम्पन्न भएको छ । शनिबार दिउँसो १ बजे गजलको विकास, विस्तार र परिष्कारमा सक्रिय संस्थाहरू अनाममण्डली र अन्तर ाष्ट्रिय नेपाली गजल मञ्च तथा नेपाली संगीत प्रवर्द्धनमा क्रियाशील गोल्डेन क्रियसनको आयोजनामा उक्त उत्सव भएको हो । उत्सवमा नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले सहकार्य गरेका छन् ।

उत्सवमा सातवटै प्रदेशका स्रष्टाका राष्ट्रिय भावमा लेखिएका गजलहरूलाई विश्व कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठले आफ्नै संगीत र स्वरमा प्रस्तुत गरेका थिए । सुदूरपश्चिम प्रदेशबाट भुवन निस्तेज, कर्णालीबाट कुशलनाथ योगी, लुम्बिनीबाट सन्तोष श्रेष्ठ, गण्डकीबाट देवेन्द्र केसी 'देवु', बाग्मतीबाट राधा कणेल, मधेशबाट विवश पौडेल र कोसीबाट रश्मि असफलका तथा आयोजक संस्था अनाममण्डलीका अध्यक्ष रूपक अलंकार र अन्तर्राष्ट्रिय नेपाली गजल मञ्चका अध्यक्ष घनेन्द्र ओझाका गजलहरू




प्रस्तुत गरिएका थिए ।

गाइएका गजलहरूमा नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली, उपकुलपति लालकाजी लामा, सदस्य सचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली' तथा प्राज्ञ परिषद् सदस्यहरू अरुणा हिङमाङ्ग, सौरगङ्गा दर्शनधारी, संजय वान्तवा, प्रदीप अधिकारी (सुशान्त), दिनेश्वर महतो र पाल्साङमो लामाले चित्र बनाएका थिए ।

कार्यक्रम संयोजक तथा अन्तर्राष्ट्रिय नेपाली गजल मञ्चका अध्यक्ष घनेन्द्र ओझाले नेपाली वाङ्मयका ३ विधा गजल संगीत र साहित्यलाई एकै थलोमा प्रस्तुत गरिएको र त्यसमाथि राष्ट्रिय भावका गजलको गायन नेपालमै पहिलो भएको जानकारी दिए ।

कवि, समालोचक प्रा.डा. देवी नेपालले सातै प्रदेशका राष्ट्रिय भावका गजलहरू समेटेर गायनमा प्रस्तुत गर्नु र त्यसमा सान्दर्भिक चित्रसमेत बनाउनु ऐतिहासिक कार्य भएको भन्दै आयोजक संस्थालाई बधाई दिए । नेपाल संगीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानका सदस्य सचिव कुशमा महरा (प्रगति)ले यस्तो ऐतिहासिक कार्यक्रममा सहकार्य गर्न पाउँदा प्रतिष्ठानले गर्व अनुभव गरेको बताइन् ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले सबै भूगोल समेटेर प्रतिनिधि रूपमा गजलकार छनोट गरी साहित्य, संगीत र ललितकलालाई एकै थलोमा प्रस्तुत गर्ने काम महत्त्वपूर्ण रहेको र त्यसमा प्रतिष्ठानसमेत जोडिन पाउँदा खुसी लागेको बताए ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले कार्यक्रम सौहार्द, भव्य र सफल भएको भन्दै गजल, संगीत र ललितकलाको अभूतपूर्व संगमको साक्षी र सहभागी हुन पाएकामा हर्ष व्यक्त गरे । उनले यस्ता कार्यक्रमहरूले नेपाली वाङ्मयको विकासमा अर्थपूर्ण योगदान दिने बताए ।


## Marsyangdi Rural Municipality
## Office of the Rural Municipal Executive

**Bhulbhule, Lamjung**

**Gandaki Province, Nepal**

**Invitation for Bids**

**(First Date of Publication: 2082/05/15)**

1. Marsyangdi Rural Municipality invites **only electronic bids** from eligible bidders for the following road projects under National Competitive Bidding- Single Stage Two Envelope Bidding procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Bidder must submit their bid electronically through e- submission from PPMO's e-GP system http://www.bolpatra.gov.np/egp should deposit the cost of bidding documents **(NRs. 5,000)** on account as specified below:
   **Information to deposit the cost of bidding document in bank:**
   Name of the Bank: Himalayan Bank Ltd, Bhulbhule,
   Name of Office: Marsyangdi Rural Municipality, Lamjung,
   Office Account Number: **25756351950147,**
4. Electronic Bids must be submitted to the office of Marsyangdi Rural Municipality, Lamjung through e-portal www.bolpatra.gov.np/egp on or before **12:00 noon on 7th October 2025 (2082/06/21).** Documents received after this deadline shall be rejected.
5. All bids shall be accompanied by a Bid Security for the amount as specified in the table. Bidders are required to submit a separate bid security for which they submit their bids. The bid security guarantee issued only by the bank stated in Public Procurement Act and its Regulation with latest amendment shall be accepted by the Employer. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs. 17,50,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the bid security in Bank**
   Name of the Bank: Himalayan Bank Ltd, Bhulbhule,
   Name of Office: Marsyangdi Rural Municipality, Lamjung,
   Office Account Number: **25756351950098,**
6. Electronic Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM on 7th October 2025 (2082/06/21)** at the office of Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung.
7. If the last date of opening falls on a government holiday then the next working day shall be considered as the last day.
8. Pre-Bid Meeting shall be held at the office of Marsyangdi Rural Municipality, Lamjung at 11:00 hours in **17th September 2025 (2082/06/01)**
9. The name and identification of the contract are as follow:

| S. N. | Description of Works | Contract ID | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years (NRs.) | Minimum work Experience in similar size and nature | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Upgrading works of Khudi Ghanpokhara Nayu Road, Marsyangdi-09,02,01 | 01/MRM/ROAD/2082-83 | 3,02,00,000.00 | i. 2400 cum of Plum Concrete (60/40)<br>ii. 1460 cum of Gabion Works<br>iii. 590 cum of PCC Works (M15) | 17,50,000.00 |

10. Eligible Bidders may obtain further information at the office of Marsyangdi Rural Municipality or may contact 9856079335.
11. Matters not covered above shall be as per the latest amendment of Public procurement Act and its Regulation.

**Chief Administrative Officer**


# साउदीमा सुनिता दुलालको तिज विशेष प्रस्तुति



**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, १४ भदौ

चर्चित लोकगायिका सुनिता दुलालले साउदी अरबको पूर्वी क्षेत्र कतिफमा आयोजित तिज विशेष सांगीतिक कार्यक्रममा आफ्ना लोकप्रिय तिज गीतहरू गाएर प्रवासमा रहेका नेपालीहरूलाई स्वदेशको सांस्कृतिक माहोलमा डुबाएकी छिन् ।

शुक्रबार गैरआवासीय नेपाली संघ, क्षेत्रीय समन्वय समिति पूर्वी क्षेत्रको आयोजनामा सम्पन्न कार्यक्रममा दुलालले 'फुल बुट्टे सारी', 'तिजको रहर आयो बरी लै', 'नाचौंला गाइरहौंला', 'आउन तिजको लहर'लगायतका चर्चित गीतहरू प्रस्तुत गर्दा सयौं दर्शक उत्साहपूर्वक नाचेका र गीतमा साथ दिएका देखिन्थे ।

कार्यक्रमको अध्यक्षता संघका अध्यक्ष धनकुमार लामाले गरेका थिए भने प्रमुख आतिथ्य नेपाली दूतावासका महामहिम राजदूत डा. नरेश ढकालले गरे । कार्यक्रममा एनआरएनए साउदीका अध्यक्ष उमेश भट्टराई, मध्यपूर्व संयोजक तथा नेपाल सरकारका पर्यटन दूत राजेन्द्र अर्याल जोन, निबर्तमान अध्यक्ष तथा आइसीसी सदस्य रबिना अर्याल, तेज थापा, पूर्व महिला उपाध्यक्ष यासमिन बेगम सैयदलगायत साउदीमा सक्रिय संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति थियो ।

अध्यक्ष लामाले सम्बोधन गर्दै, 'तिज महिलाहरूको मात्र पर्व नभई सम्पूर्ण नेपालीको सांस्कृतिक पहिचान र एकताको प्रतीक हो । प्रवासमा यस्ता कार्यक्रमहरूले नेपालीपनलाई जोड्ने पुलको काम गर्छ,' भन्ने विश्वास व्यक्त गरे ।

त्यसैगरी महामहिम राजदूत डा. नरेश ढकालले राष्ट्रिय गान गाउने बेला पालना गर्नुपर्ने मर्यादा र शिष्टाचारबारे स्मरण गराउँदै भने, 'गम्भीर र अनुशासित ढंगले मात्र राष्ट्रप्रति श्रद्धा प्रकट हुन्छ ।' उनले प्रवासमा पत्रकार, सामाजिक अभियन्ता र संघ-संस्थाहरूको भूमिकाको प्रशंसा गर्दै नेपाली संस्कृतिलाई जीवित राख्न सबैलाई आग्रह गरे ।

गायिका सुनिता दुलालले आफ्नो दोस्रो साउदी भ्रमणप्रति उत्साह व्यक्त गर्दै दर्शकहरूको माया र साथप्रति आभार प्रकट गरिन् । उनले भनिन्, 'तिज महिलाको आत्मसम्मान, खुशी र सांस्कृतिक गर्वसँग जोडिएको पर्व हो । प्रवासमै भए पनि तपाईंहरूले देखाएको उत्साह असाध्यै प्रेरणादायी छ ।'

कार्यक्रममा साउदीमै रहेका स्थानीय नेपाली कलाकार रोम लामा, अर्जुन छेत्री, फणिन्द्र कार्की लगायतले पनि आकर्षक सांस्कृतिक प्रस्तुति दिएका थिए । दर खाने, शुभकामना आदानप्रदान गर्ने तथा तिजको महत्व झल्काउने विविध कार्यक्रमले वातावरण झनै उत्साहमय बनेको थियो ।

कार्यक्रममा साउदी अरबका विभिन्न स्थानबाट आएका नेपाली समुदाय, व्यवसायी, सञ्चारकर्मी, संघ-संस्थाका प्रतिनिधि, नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुका साथ भारतीय नागरिकहरूको पनि सहभागिता रहेको थियो ।


**डिभिजन वन कार्यालय संखुवासभा**

**डांक बढाबढको माध्यमबाट यार्सागुम्बा लिलाम बिक्री गर्ने बारेको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/१५**

श्री संखुवासभा जिल्ला अदालत चैनपुरको मिति २०८२/०५/०१ को आदेशानुसार हाल विचराधीन अवस्थामा रहेको ०.३०० के.जी. यार्सागुम्बा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा डाँक बढाबढको माध्यामबाट लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा मु.अ.कर/PAN मा दर्ता भएको ईच्छुक व्यक्ति वा फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आवश्यक कागजात सहितको निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । वृस्तित सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**मलेसियामा रोजगार**

कम्पनी : CAKRA WIRA SECURITY SERVICES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०१/१६ चलानी नं.: ६०२३६७६६ LT. No.: 322732 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 11 | 0 | स. काममा दक्ष | 1700 | ५६,४०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २२ गते (7 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मित्र ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८
Email: mitraoverseas@yahoo.com, शाखा कार्यालय:ईटहरी सम्पर्क नः ०२५-५८०६८९



**Invitation for Bids**

## Chaurjahari Municipality
## Office of Municipal Executive

**Chaurjahari Rukum (West)**

**Invitation for Electronic Bids for the [Procurement of Supply & Delivery Medicine & Surgical Equipment for Chaurjahari Municipality, Rukum (West)]**

**IFB No.: CJM/GOODS/NCB/01/082/083**

**Date of publication: 2082/05/15**

1. Chaurjahari Municipality invites bid for Procurement of Supply & Delivery Medicine & Surgical Equipment Chaurjahari Municipality, Rukum (West). Bidding is open to all eligible Bidders as per qualification criteria.
2. The Chaurjahari Municipality invites electronic bids from eligible bidders for the procurement of Supply & Delivery Medicine & Surgical Equipment Chaurjahari Municipality, Rukum (West) under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Chaurjahari Municipality or may visit e-GP system: www.bolpatra.gov.np/egp .
4. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank: Rastriya Banijya Bank
   Name of the Office: Chaurjahari Municipality Office Code No. : 801065
   Office Account No. : 4330100301010002 Revenue Account Revenue Head No. : 14265
   Dharauti Khata : 4330100303000002
5. Pre-bid meeting shall not be held.
6. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Chaurjahari Municipality on or before 2082/06/14, 12:00 PM.
7. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 2082/06/14, 1:00 PM at the office of Chaurjahari Municipality. Bids must be valid for a period of 120 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of 1,13,000.00 which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

| S.N | Contract ID | Description of Items | Bid Security | Bid Document Form Fee (Non-Refundable) |
|---|---|---|---|---|
| 1. | CJM/GOODS/NCB/01/082/083 | Procurement of Supply & Delivery Medicine & Surgical Equipment for Chaurjahari Municipality, Rukum (West) | NRs. 1,13,000.00 | NRs. 3,000.00 |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# रोहितको शतकमा नेपालको जित

**काठमाडौं / मस-** नेपालले कप्तान रोहित पौडेलको अविजित शतकको मद्दतमा दक्षिण अस्ट्रेलियाविरुद्धको अभ्यास एक दिवसीय (वान डे) खेलमा रोमाञ्चक जित हात पारेको छ। शनिबार सम्पन्न खेलमा नेपालले २ सय ४३ रनको लक्ष्य ४४.१ ओभरमा ८ विकेट गुमाउँदै भेट्टायो र दुई विकेटले विजय हासिल गर्‍यो। लक्ष्य पछ्याउने क्रममा नेपालको सुरुवात कमजोर रह्यो। नेपालले ४५ रनमै शीर्ष चार ब्याटर गुमाइसकेको थियो। आशिफ शेख ११ रनमा, भीम सार्की १ रनमा, कुशल भुर्तेल २८ रनमा आउट भए भने आरिफ शेख ३ रनमा पभेलियन फर्किए। दीपेन्द्र सिंह ऐरीले ९ रन, गुलशन झाले ३६ रन र लोकेश बमले २ रन बनाए। १ सय ६१ रन जोड्दा नेपाल ८ विकेट गुमाइसकेको अवस्थामा खेल नेपालको हातबाट फुस्किने संकेत देखिएको थियो।

तर कप्तान रोहित पौडेल क्रिजमा दृढतापूर्वक टिके। उनले सोमपाल कामीसँग मिलेर नवौं विकेटका लागि अविजित ८५ रनको साझेदारी गर्दै



टोलीलाई ऐतिहासिक जिततर्फ डोहोर्‍याए। पौडेलले १ सय १ बलमा ९ चौका प्रहार गर्दै अविजित शतक पूरा गरे। उनले १ सय १ रन बनाए। सोमपालले ३० बलमा ३ छक्का र १ चौकासहित अविजित ४९ रनको योगदान दिए।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको दक्षिण अस्ट्रेलियाले ४५ ओभरमा सबै विकेट गुमाउँदै २ सय ४२ रन बनाएको थियो। टोलीका लागि हेरी मेनन्टीले सर्वाधिक ६३ रन बनाए भने डाउट्जी हूगानबोजमले ५४ रनको पारी खेले। त्यस्तै रायन किङले ३५ र म्याककेन्जी हार्वेले २४ रन जोडे।

बलिङमा नेपालका नन्दन यादव र सोमपाल कामीले समान ३-३ विकेट लिए। रुपेश सिंह, सन्दीप लामिछाने र शाहब आलमले १-१ विकेट हात पारे।

यसअघि सम्पन्न टप एन्ड टी-२० सिरिजमा नेपाल ११ टिममध्ये आठौं स्थानमा रहँदा, त्यसपछि भएको अभ्यास टी-२० मा अस्ट्रेलियन क्यापिटल टेरिटोरीलाई हराएको थियो। तर दक्षिण अस्ट्रेलियाविरुद्धको टी-२० खेलमा भने नेपाल पराजित भएको थियो।

# टिआइए, गोल्डेनपिक र झ्याली पब्लिकलाई उपाधि

**काठमाडौं / मस-** टिआइए, गोल्डेनपिक र झ्याली पब्लिकले १९औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन्। टिआइए सिनियर ब्वाइज, गोल्डेनपिक जुनियर ब्वाइज र झ्याली पब्लिक सिनियर गर्ल्समा च्याम्पियन बने।

धापासीस्थित आयोजक ग्रिनल्यान्डको कोर्टमा भएको सिनियर ब्वाइजको प्रतिस्पर्धात्मक फाइनलमा टिआइएले न्युटनलाई ६७-६१ ले पराजित गर्‍यो। टिआइएका वर्दान थापाले २७ अंक जोडे।

जुनियर ब्वाइजको फाइनलमा गोल्डेनपिकले जेबी स्कुललाई २९-२१ ले हरायो। गोल्डेनपिकका अग्रज राईले १२ स्कोर गरे। सिनियर गर्ल्सको उपाधि भिडन्तमा उपाधिको प्रबल दाबेदार झ्याली पब्लिकले केभीकेएसएसलाई २९-२२ ले पाखा लगायो। झ्याली पब्लिककी दृष्य गुरुङले १० अंक जोडिन्।

सिनियर ब्वाइजमा टिआइएका रोशन नगरकोटी, जुनियर ब्वाइजमा गोल्डेनपिकका फुर्वा शेर्पा र सिनियर गर्ल्समा झ्याली पब्लिककी अनिता गुरुङ 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। सिनियर ब्वाइजमा न्युटनका युगेन लामा, जुनियर ब्वाइजमा ग्रिनल्यान्डका वियोन गुरुङ र सिनियर गर्ल्समा केभीकेएसएसकी खुसी मितोक उत्कृष्ट 'थ्री प्वाइन्टर' चुनिए।


## युएईमा रोजगार

कम्पनी : ONTIME MANPOWER SUPPLY — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/१३ — चलानी नं.: ६०२४४०४२ — LT. No.:330294

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JADID ALNASEEB BUILDING MAINTENANCE — शहर : AJMAN
पूर्व स्वीकृत मिति: २०८२/०५/१३ — चलानी नं.: ६०२४४०१२ — LT. No.:330181

